*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९

नेपाल सम्बत् ११३६

इस्वी सम्बत् २०१६

बिक्रम सम्बत् २०७२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**24th JANUARY 2016**


| वर्ष- ३३ | अङ्क- ९ | मिला पुन्हि | माघ २०७२ |
|---|---|---|---|





टाढा-टाढासम्म पुग्न सक्ने एक्लै हिंड्ने, विना शरीरको गुफामा बस्ने चित्तलाई वशमा राख्न सक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन्छ ।

वाणकारकले वाणलाई सीधा पारे झैं बुद्धिवान् व्यक्तिले पनि आफ्नो चञ्चल तथा रक्षा गर्न कठिन चित्तलाई तह लगाउँछ ।

शत्रुले शत्रुलाई जति हानी पुऱ्याउँछ, कुमार्गमा लागेको चित्तले त्यो भन्दा बढी हानी पुऱ्याउँछ ।

आफ्नो चित्तलाई स्थिर गर्न नसक्ने, सद्धर्म नजान्ने र प्रसन्न स्वभाव नभएको व्यक्तिलाई प्रज्ञा-ज्ञान पूर्ण रूपले प्राप्त हुन सक्दैन ।

कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# मार्ग प्रदर्शक भगवान् बुद्ध

भगवान् बुद्ध भेटेर आएका एकजना ब्राह्मणलाई अर्का एक ब्राह्मण बाज्येले यसरी प्रश्न गरेछ–

"बुद्ध कस्तो व्यक्ति हुनुहुन्छ ?

उत्तर– "म को हुँ र बुद्धको परिचय दिन सक्ने ? बुद्धको परिचय त उहाँ आफैले मात्र दिन सक्नुहुन्छ उहाँ एक महान चरित्र सहितको व्यक्तित्त्व हुनुहुन्छ"

बुद्धकालिन घटनाहरू अध्ययन गर्दै जाँदा भगवान् बुद्ध परम्परावादी र साम्प्रदायिक नभएको कुरा बुझिन आउँछ ।

सिद्धार्थ कुमारको रूपमा राजदरवारमा रहनुहुँदा उहाँले तत्कालिन सबै धर्महरू अध्ययन गर्नुभयो । तर यसले उहाँको चित्त बुझाउन सकेन । अन्त्यमा उहाँ आफुले आफैलाई अनुसन्धान गर्नुहुँदै मनमा लुकिराखेका कमी कमजोरीहरूलाई हटाई बुद्धगयाको बोधिवृक्ष मुनि बुद्धत्त्व प्राप्त गर्न सफल हुनुभयो ।

बुद्ध हुनुभएपछि उहाँ कपिलवस्तु जानुहुँदा बुबा शुद्धोदन महाराजाको निमन्त्रणा नपाएको अवस्था सम्म आफ्नो राजदरबारमा जानु भएन । भिक्षुसंघ सहित जनताको घरघरमा भिक्षाटन गर्नुभयो । यो समाचार सुनी महाराजा शुद्धोदन हतारिंदै भगवान् बुद्ध समक्ष पुगी यसरी प्रश्न गर्नुभयो ।

"सिद्धार्थ यो तिमी के गर्दैछौ ? राज सँस्कृतिको किन अपमान गरेको ? जातपात नैं त्यागी घरघर पिच्छे किन माग्दै हिंडेको ?"

भगवान बुद्धले राजाको प्रश्नको उत्तर यसरी दिनुभयो– "महाराज ! म अब राज सँस्कृतिको व्यक्ति होइन । अब म त म श्रमण सँस्कृतिको व्यक्ति भइसकें । श्रमण सँस्कृतिमा जातिपाती विच कुनै भेदभाव छैन । सबै मानव समान हुन् । अब त मेरो लक्ष नै यी मानिसलाई असल, सभ्य र इमान्दार बनि शान्तिपूर्ण जीवन विताउने विषयमा शिक्षा दिनु रहेको छ ।"

भगवान् बुद्धको यस उत्तरले राजा शुद्धोदनमा पनि ठीक सोचाई आई उहाँ बोध हुनुभयो ।

त्यसपछि भगवान् बुद्धले आफ्ना भाई नन्द र छोरो राहुललाई पनि प्रव्रजित गरी श्रमण सँस्कुतिमा समावेश गर्नुभयो ।

बुद्ध भन्नुहुन्छ– "**अत्तना व कतं पापं – अत्तना संकिलिस्सति अत्तना अकतं पापं – अत्तना व विसुज्झति सुद्धि असुद्धि पच्चतं – नाञ्ञे अञ्ञं विसोधये**"

अर्थात्– "आफूले गरेको पापले आफैलाई दूषित् पार्दछ । आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ । शुद्ध गर्ने र अशुद्ध गर्ने आफैले हो । कसैले कसैलाई शुद्ध र अशुद्ध पार्न सक्दैन ।"

त्यसैले उहाँले भन्नुहुन्छ– "कर्त्तव्य परायण बन्नु, विश्वास पात्र बन्नु, परस्पर सेवा पुऱ्याउनु, कसैले आफुलाई लगाएको गुणलाई कदापि नबिर्सनु । आफूभन्दा ठूलावडाको सम्मान गर्नु । अफूभन्दा सानालाई माया गर्नु आदि आदि ।

यसरी उहाँ एक कुशल मार्ग प्रदर्शकको रूपमा ४५ वर्ष सम्म धर्मको शिक्षा सिकाउनु हुँदै धेरै मानिस-हरूलाई सभ्य र असल बनाउन सफल हुनुभयो ।

एकदिन एउटा ब्राह्मण भगवान् बुद्ध समक्ष आई भन्नथाल्यो– "भो श्रमण गौतम ! मैले आफ्नो आँखाले देखेको कानले सुनेको, र आफ्नो मनले अनुभव गरेको विषयमा सवै कुराहरू अरूलाई बताउने गर्दछु । यस विषयमा तपाइँ समर्थन गर्नु हुन्छ ? यस प्रश्नको उत्तर दिने क्रमश भगवान् बुद्ध भन्नुहुन्छ– "आँखाले देखेको र कानले सुनेको भरमा विना विवेक विचारले अरूसंग ब्यवहार गर्ने बानी गऱ्यो भने एक आपसमा कलह र झैझगडा पर्ने स्थिति सृजना हुन सक्छ। त्यसैले ठाउँ हेरी, परिस्थिति हेरी, मानिस हेरी कुरा गर्नु नै बुद्धिमानी ठहरिने छ । जुन कुराले आफ्नो पनि अरूको पनि भलो होस् । अहित नहोस् । त्यसैले तपाईको कुरासंग मेरो सहमत छैन ।" भगवान बुद्ध भन्नुहुन्छ–

**"अत्ताहि अत्तनो नाथो, कोहि नाथो परोसिया अत्तना व सुदन्तेन – नाथं लभति दुल्लमं"**

अर्थात्– आफ्नो नाथ आफै हो । आफू बाहेक अर्को नाथ को हुन सक्ला ? आफूले आफैलाई चिन्न सक्ने र आफ्नो कमी कमजोरीलाई हटाउन सक्ने व्यक्तिलाई मात्र राम्रो फल प्राप्त हुनेछ ।"

माथि उल्लेखित बुद्ध शिक्षा अध्ययन गर्दा हामीले भन्न सक्छौं, भगवान् बुद्ध एक कुशल मार्ग प्रदर्शक हुनुहुन्छ ।



Downloaded from http://www.dhamma.digital

## आवरण तस्विरको परिचय

# आनन्द बोधि

भगवान् बुद्ध जेतवन विहारमा वर्षावास ३ महिना मात्र रहने गर्नुहुन्थ्यो। बाँकी समय धर्म प्रचारार्थ विभिन्न गाउँ, नगरहरूमा जानु हुन्थ्यो । विहारमा त्यतिञ्जेल शून्य र उराठ लाग्दो हुन्थ्यो । जेतवन विहारको यस्तो शून्य र नरमाइलो दृश्य देखी विहारदाता महाजन अनाथ पिण्डिकलाई ज्यादै नियास्रो लाग्थ्यो । त्यसैले भगवान् बुद्धको अनुपस्थितिमा जेतवन विहारमा उहाँको कुनैपनि चिन्ह स्थापना गर्न पाए त्यही चिन्ह समक्ष उहाँका भक्तहरूले श्रद्धा चढाउन पाउन् भनी आफ्नो मनसाय भिक्षु आनन्द मार्फत भगवान् बुद्ध समक्ष राख्न पठाए। तर भगवान् बुद्धले उसको यस मनसाय स्वीकार गर्नुभएन । भगवान् बुद्धले सोच्नुभयो–

"यसरी चिन्ह स्थापना गरियो भने मानिसहरू यस चिन्ह समक्ष नै नमस्कार र प्रार्थना गर्दै भक्तिमार्गमा मात्र भुल्ने छन् । उनीहरूको मनमा लुकेर बसेका खराब बानीहरू हटाउने र विकारहरू फाली क्लेशबाट मुक्त हुने विपश्यना ध्यानको अभ्यासबाट टाढिने छन्। यति सोच्नुभई भगवान् बुद्धले भन्नुभयो– "यदि तिमीलाई यस विहारमा मेरो कुनै प्रतिक राख्ने चाहना छ भने बुद्धगयाबाट बोधिवृक्षको विरुवा ल्याई यहाँ रोपिदिनु । यस विरुवा जब वृक्ष हुनेछ, तब यसको शीतल छायाँमा बसी मानिसहरूले विपश्यना ध्यान अभ्यास गरी मनमा धर्मलाई स्थान दिन सक्नेछन् ।

भगवान् बुद्धको यस आदेशलाई स्वीकार गर्नुभई भिक्षु आनन्दले भिक्षु मौदगल्यायन मार्फत बुद्धगयाबाट बोधिवृक्ष विरुवा ल्याई महाजन अनाथ पिण्डकलाई उक्त विरुवा जेतवन विहारको आँगनमा भगवान् बुद्धको समुपस्थितमा रोप्न लगाउनु भयो । भिक्षु आनन्दको मेहनतबाट रोप्ने मौका पाएकोले उक्त बोधि वृक्षको नाम नै आनन्द बोधि कहलियो । भिक्षु आनन्दको अनुरोध स्वीकार गर्नुभई भगवान् बुद्ध उक्त बोधिवृक्ष मुनि विराजमान हनुभई एकरात निरोध समापत्ति ध्यान गर्नु भई उक्त स्थानको वातावरणमा विपश्यना ध्यानको तरङ्ग फैलाउनु भएको थियो । स्मरणिय छ, आजसम्म पनि उक्त वृक्ष जीवित अवस्थामा रहेको छ। -*सम्पादक*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) पारस मानन्धर, लण्डन, स्व. आमा नानी मैंया मानन्धर (छाउनी च्याखाछें) को पुण्यस्मृतिमा रू. १५००५/-
२) Ven. D. Seewali Thero, USA Rs. 5000/–
३) हरिमान रञ्जित परिवार, छाउनी छात्रवृत्तिको लागि थप – रू. ५,०००/-
४) त्रिपिटक अध्ययन समूह तथा उपासक उपासिका, संघाराम विहार – रू. ३०००/-
५) निर्मला मानन्धर, असन, कमलाक्षी पौष र माघ दुई महिनाको – रू. २०००/-
६) नितु ताम्राकार बनेपाबाट अनिश तथा एल्भिन ताम्राकारको जन्मदिनको उपलक्ष्यमा – रू. ११००/-
७) मिलन शाक्य परिवार, चाकुपाट, ल.पु. – रू. १०००/-
८) बिकाशमान सिंह तुलाधर, HRDC, बनेपा – रू. ५००/-
९) स्व. शीलदेवी तुलाधरको पुण्यस्मृतिमा, भोटाहिटी – रू. ५००/-
१०) भाग्यशोभा तुलाधर, भोटाहिटीबाट स्व. आमा ज्ञानहेरा तुलाधरको पुण्यस्मृतिमा – रू. ५००/-
११) केशचन्द्र शाक्य, बनेपा – रू. ५००/-
१२) बुध्दभक्त रञ्जित, बनेपा – रू. ५००/-
१३) प्रेमज्योति शाक्य, बनेपा – रू. ५००/-
१४) सुर्यकर शाक्य, ओम् बहाल, काठमाडौं – रू. ५००/-
१५) श्रिमिला सुवाल परिवार, कालिमाटीबाट १६ जना बालिकाहरूलाई ट्राउजर प्रदान ।
१६) तुयू लक्ष्मी, अशोकरत्न शाक्य परिवारबाट खाद्यान्न प्रदान ।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१७) सूर्य माया चित्रकार, रोशन चित्रकार, मिनु चित्रकार – रू. १५०२०/-
१८) डा. सालिन शाक्य, ज्वागल, चाकुपाट, ल.पु. आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/-
१९) डा. एलिना शाक्य, ज्वागल, चाकुपाट, ल.पु. (हाल USA मा) आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/-
२०) शरदचन्द्र जोशी, बुद्धनगर Wedding Anniversary Day को उपलक्ष्यमा – रू. १५,०००/-



Downloaded from http://www.dhamma.digital

# भूकम्प पीडितहरूलाई राहत

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

प्रकृतिको कस्तो भयानक प्रकोप कस्तो भयानक भूकम्प !! विध्वँसकारी भूकम्प ! कस्तो भू-कम्पन, कस्तो हलन चलन, ज्यान लिने हलन चलन । मानौं मृत्युको निर्मम ताण्डव सक्रिय भएर उठेको छ ।

धरतीको छाती चिरिएको छ । ठूलठूला चिरा परेका छन् । घरहरू चर्किएका छन् । सा-साना छाप्राहरूदेखि ठूला-ठूला पक्की विल्डिङ्गहरू समेत थरथर काँपे । नराम्ररी हल्लीए ती मध्ये अनेक भत्किए । ताशको-महल भत्किए झैं हेर्दा हेर्दै भूइँसमान भए ।

जो संयोगवश घर बाहिर थिए अथवा जो तुरून्त निस्केर भाग्न सके ती बचे तर अन्य हजारौं मानिसहरू यस दुर्भाग्य क्रूर चपेटामा समाए । ती मध्ये अनेक मरे, अनेक घाइते भए, अनेक अपाङ्ग भए । मानिसहरू माथि दुःखको पहाडले थिचियो, सबका भाग्य फुटे । चारैतर्फ विलाप नै विलाप, रूदन नै रूदन, क्रन्दन नै क्रन्दन, हाहाकार नै हाहाकार । जता हेरे पनि विनाश नै विनाश, जता हेरे पनि भत्किएको नै भत्किएको खण्डहर नै खण्डहर हेर्दा-हेर्दै मिनट भरमा नै विनाश, अति नै पीडा जनक दृश्य । एकदम मुटु रूवाउने दृश्य । कहालिलाग्दो, त्राही-त्राही भएको दृश्य । यस विनाशकारी महाभूकम्पबाट कसैको आफ्नो प्रिय पूरेका छन्, कसैको आँखाका तारा सँधैका लागि बिलाए, कसैको बूढेसकालको सहारा फूटेको छ । कोही आमा आफ्ना प्रिय पुत्रलाई छोडेर गए, कोही बुबा आफ्नो प्राण झैं प्यारो पुत्रलाई टुहुरो बनाएर गए । कसैको आफ्नो परिवारको एउटै चिराग थियो त्यो पनि निभिएको छ । जीवनमा चारैतिर घोर अँध्यारो छाएको छ । ध्वस्त भएका घर, मन्दिर, पाटी, पौवा आदिमा डबिएर जो व्यक्ति पुरिएका छन्, घाइते भएका छन् ती व्यक्तिहरूको चित्कार-पुकार हृदय स्पर्शी थिए । खण्डहर मा पुरिएर रहेका ती व्यक्तिहरू, जनावरहरूको हालत कस्तो भयो होला ? त्यहाँ जीवित छन् कि, मृत छन् कि, मरणासन्न अवस्थामा छन् कसलाई के थाहा ?

यति ठूलो विनाश यति छिटो गतिमा भयो यस्तो अवस्थामा कस्ले कस्लाई मद्दत गर्न सक्छ र ? कतै गाउँका गाउँ नै भत्किए यस्तो अवस्थामा कस्ले कस्लाई सहयोग गर्न सक्छ र, कस्ले कस्लाई सहायता गर्न सक्छ, कस्ले कस्लाई सान्त्वना दिन सक्छ ?

एकजना धनी ब्यक्तिको समृद्धशाली विशाल परिवार, पसल, गोदाम सबै नष्ट भयो बाँकी आफू एक्लै बाँचे । एक्लै बिलकुल असहाय । एकजना गरीब ब्यक्ति जस्को एउटा झोपडीमा आफ्नो परिवारका साथ रहने गर्दथे र आफ्नो र परिवारको गुजाराकोलागि सानो चिया पसल थापेका थिए, उनको पनि सबै नष्ट भएको छ । उनी पनि एक्लै बिलकुल असहाय । यसरी धनी होस् या निर्धन प्रकृतिले कसैलाई छोडेको छैन । हिन्दू होस् वा मुसलमान होस्, बौद्ध होस् वा क्रिश्चियन सबै यस प्रकोपको चपेटामा आएको छ । सबै माथि यस त्रासदी पूर्ण प्रकोपबाट आतंकित छन् । हेर्दा हेर्दै छिनभरमा नै लाखौं, हजारौ संख्यामा मानिसहरू बेघर भए । जहाँ तहीं निर्धनता नै निर्धनता । खाना छैन, पानी छैन, ओड्ने छैन, बिछाउने छैन, जिउने आधार छैन, सहारा छैन । अकाल हृदयबाट प्रस्फूतित पीडा, आकुल-ब्याकुल मनका दुखित उत्पीदन असह्य थिए । उनीहरूका पीडाको थिकाना छैन, सीमा छैन, अन्दाज गर्ने नसकिने, कल्पना नै गर्न नसक्ने दुःख, बडो कारूणिक दृष्य ।

छिमेकी तथा टाढा-टाढाका देशबाट सहृदयी परोपकारी मानिसहरू, संस्थाहरू र यथासम्भव सरकारका तर्फबाट उनीहरूको सहयोगका लागि जुटे । खाना, पानी, त्रिपाल, ओढ्ने, औषधी आदिको दान उनीहरूसम्म पुऱ्याईए । राम्रै भयो, तर पनि आवश्यकताको तुलनामा अत्यन्त नै कम, जे होस् राहतको काम आरम्भ त भयो ।

भगवान बुद्धले भन्नुभएको थियो कालिक दान महाकल्याणकारी हुन्छ । महापूण्यफलदायी हुन्छ । ज्यान बचाउनको लागि जुन समय जुन चिजको आवश्यक छ उसलाई ती सामान तत्काल उपलब्ध गराउनु नै कालिक दान हो । यस प्राकृतिक दुर्घटनाबाट प्रवाहित मानिसहरूलाई जस्तो दानको आवश्यकता छ ती तत्काल दिनु पर्दछ । तर यस अवस्थामा केवल भौतिक दान नै पर्याप्त छैन ।

जस्को शरीरमा कुनै घाऊ छ भने त्यो समय पाएर निको हुन सक्छ तर जस्को मनमा गहिरो घाऊ भएको छ त्यसलाई के गर्ने ? जसको घर भत्किएको छ उसको घर फेरि बनाउन सकिन्छ । तर जस्को मन निराशको



Downloaded from http://www.dhamma.digital

खाल्डोमा पुरिएको छ उसलाई के गर्ने ? यसका लागि पुरातन समाजको एउटा अनमोल विद्या, विपश्यना विद्या अति उत्तम सावित हुन्छ । भगवान बुद्धले पनि भन्नु भएको थियो कि सबै दान भन्दा श्रेष्ठ धर्मदान हो तर यो पनि भन्नु भयो कि पहिला कालिक दान दिनु आवश्यक छ । यस कालिक दान द्वारा थोरै राहत पाए पछि आध्यात्मिक सुख-शान्तिको दान दिनुपर्छ ।

राम्रै भयो कि अनेक विपश्यी साधक व्यक्तिगत तथा सामूहिक रूपमा कालिक दान दिने पुण्य कार्यमा ज्यू ज्यानले जुटे । ध्यान केन्द्रहरूमा पनि केही क्षति त अवश्य भयो तर यथा शीघ्र भूकम्प पीडितहरूका मानसिक शान्ति र स्वस्थ्य प्रदान गर्नका लागि शिविर आरम्भ गरिनेछ । जसबाट पीडितका घायल मनलाई विपश्यनाले मलहमको काम गर्नेछ। टुक्रिएको हृदयलाई पुनः जोड्ने काम गर्नेछ । अस्वस्थलाई स्वस्थ बनाउने काम गर्नेछ ।

यस्तो घोर विपद अवस्थामा विपश्यना तथा आनापानले समतामा स्थित रहने अभ्यास गराउँदछ र यसले मनको बिग्रेको सन्तुलनमा सुधार ल्याउँछ। विषम चित्त समतामा स्थापित हुनेछ । दुःखी चित्त दुःखमुक्त हुनेछ ।

*(सन् २००१ मा भारतको गुजरातमा भूकम्पजाँदा पूज्य गुरूजीले दिनु भएको मन्तब्यको एक अंश)*

--- ❀ ---

## भूकम्प नेपालको प्रसङ्ग

वि.सं. २०७२ बैशाख १२ गते गएको महाभूकम्पले नेपाल अधिराज्यको अधिकांश भूभागलाई ध्वस्त बनाएकोछ। प्राचीन स्मारक, सम्पदादेखि सर्वसाधारणका बासस्थान सबै यस विध्वंसकारी प्रकोपको निसाना बने। दशौं हजारको ज्यानगयो, हजारौं अपाङ्ग भए, लाखौं बेघर भए, कयौं टुहुरा- निसहाय, कयौं निर्धन बने । यस तीब्र धक्काका कारण क्षणभरमा नै गाउँका गाउँ खण्डहरमा परिणत भए, क्षणभरमा नै जतातत‌ै अँध्यारो नै अँध्यारो छायो, सर्वत्र विनाश नै विनाश । अति कहालिलाग्दो, कारूणिक उत्पीडन, असह्य वेदना । अनेकलाई यस त्रासडिपूर्ण क्षणले मन मस्तिष्कमा छाप पाऱ्यो, अनेकौंको हृदयघात भयो । हृदयले थाम्न सकेन, सबै भयभीत बने, सबै असुरक्षित, असन्तुलित बने ।

यस अवस्थामा विश्वभरका स-हृदयी मानिसहरूले पीडितहरूका लागि राहतको ब्यवस्था गरे । अनेकौंले धन दिए, सर-सामान जुटाए, खाना, पानी, त्रिपाल, ओढ्ने, ओछ्याउने, औषधी-उपचार र राहत वितरणमा अनवरत निःस्वार्थ सेवा प्रदान गरे। स-हृदयी ती परोपकारी संस्था तथा ब्यक्तिहरू प्रति हामी कृतज्ञ छौं, आभारी छौं । राम्रै भयो यस अवस्थामा विपश्यी साधकहरू पनि यस मङ्गलकारी कार्यमा जुटे, अनेकौंको मङ्गलको कारण बने ।

यस महाभूकम्पले काठमाडौंका विपश्यना केन्द्रहरूलाई पनि प्रभावित पाऱ्यो । धर्मश्रृङ्ग तथा धम्मकीत्ति केन्द्रका भौतिक संरचना विशेष क्षति भएका छन् । धर्मश्रृङ्गको महिला निवास तर्फ एन (N) विल्डिङ्ग र क्यू (Q) विल्डिङ्गमा क्षति पुगेका छन् भने पुरुषतर्फ केही भवनहरूमा सामान्य चीरा परेका छन् । त्यस्तै पगोडाको बाहिरी पर्खालको केही अंश भत्किएका छन् । त्यस्तै धम्मकीत्ति केन्द्रमा महिला तथा पुरुष निवासमा सामान्य क्षति भएको छ । क्षति पुगेका भवनहरूको यथासीघ्र मर्मत गरी आगामी जून १४ देखि धर्मश्रृङ्गमा शिविर सञ्चालन गर्ने निर्णय गरिएको छ । भूकम्पबाट प्रभावित भवनहरूलाई छाडेर सुरक्षित भवनहरूको उपयोग गरि शिविर सञ्चालन गर्ने निर्णय गरिएको हो । भयभित तथा असन्तुलित मनस्थितीलाई विपश्यनाले मलहमको काम गर्नेछ र यस्तो विषम परिस्थितिमा समतापूर्ण र भयरहीत शान्त जीवन जिउन सिकाउनेछ। सबै भूकम्प पीडितहरूका लागि कल्याणको कारण बनोस् । आफ्नो दुःखित मनस्थितीलाई फेरि स्वस्थ्य बनाएर नयाँ जीवन निर्माण गर्ने बल प्राप्त होस् ।

*(साभार- 'विपश्यना' वर्ष-३२, अङ्क-१, बैशाख २०७२)*

❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| २०७२ पौष | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ गते, बुद्धबार, संक्रान्ति | अमता | पञ्ञावती |
| ३ गते, शुक्रबार, अष्टमी | अमता | वीर्यवती |
| १० गते, शुक्रबार, पूर्णिमा | शुभवती | धम्मवती |
| १८ गते, शनिबार, अष्टमी | त्यागवती | त्यागवती |
| २६ गते, आइतबार, औंशी | अमता | इन्दावती |



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२१

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

यी मध्ये कतिपय धर्महरू संगठीतरूपमा विकास भएको छ र आज पर्यन्त धेरै अनुयायीहरू सहित उन्नत भइ रहेको छ। धेरै मानिसहरू पूजा आजा, उत्सव एवं बाहिरी रीवाजका कारण यी सङ्गठित धर्ममा लागेका छन् भने कोहीले धर्मलाई व्यक्तिगत रूपमा आन्तरिक जीवनमा उतार्न मन दिएर आफ्ना धार्मिक गुरूलाई भित्री हृदयमा सम्मानपूर्वक स्थापित गरी उनको शिक्षालाई दैनिक जीवनमा प्रयोग गर्न रूचाउँछन्। धर्मलाई व्यवहारमा उतार्न आवश्यक भएकोले सबै धर्मले आफूलाई केवल भक्ति होइन जीवन जीउने मार्ग हो भन्छन्। तिनीहरूको उत्पत्ति र विकास क्रमलाई हेर्दा मानिसका धर्महरू आ-आफ्नो धारणामा तीका अनुयायीहरूको बुझेको र गरिने व्याख्यानमा, तीका लक्ष्य एवं असल खराव कर्मको फल र दण्डकाबारे धारणामा कतिसम्म फरक हुन सक्छ भन्ने कुरा आश्चर्यलाग्दा नै छन्।

धार्मिक क्रियाकलापहरू श्रद्धा, डर, ज्ञान अथवा भलाईमा आधारित भएको पाइन्छ। मानिसको डर हटाउन र आवश्यकता परिपूर्ति गर्न बनेका धेरै धर्महरू भक्तिमा आधारित हुन्छन्। चमत्कार र अलौकिक शक्तिमा आधारित धर्मले अज्ञानताका कारणले उत्पन्न भएको मानिसको डरको फाइदा उठाउँछ र लोभका कारण आवश्यक देखिने भौतिक उपलब्धि गराइदिने वचन दिन्छ। अलौकिक शक्तिको भय हटाउनको लागि बनेको धर्ममा पूजा र पाठ गरी त्यस्तो भय शान्त गर्छन्। श्रद्धामा आधारित धर्मले मानव जीवन र परिस्थितिका अनिश्चिततासँग सामना गर्न सकिने। विश्वास र दृढता हासिल गर्न सिकाउँछ।

केही धार्मिक अभ्यासहरू मानिसको ज्ञान, अनुभव र बुद्धिको विकासको फलस्वरूप विकसित भएका पनि छन्। यस्तो धर्ममा मानवीय मूल्य र प्राकृतिक नियम कानूनहरूको संयुक्त सहभागिता हुने गर्दछ। यो धर्म मानवतामा आधारित हुन्छ र मानवीय गुणहरूको विकासमा केन्द्रित हुन्छ। कार्य र कारण अथवा 'कम्म' (कर्म) को सिद्धान्त राखेको धर्म स्वावलम्बनमा आधारित छ र यसले मानिसलाई उसको सुख र दुःखका साथै मुक्तिको जिम्मेवार उसैलाई ठहऱ्याउँछ। जीवनको यथार्थता र सांसारिक स्वभावको विश्लेषणात्मक ज्ञानले जान्नुपर्छ भन्ने भनाई प्रज्ञामा आधारित धर्ममा रहेको छ।

कल्याण र सुकर्म सबै धर्ममा पाइने साझा तत्त्व हुन्। शान्तिमा आधारित धर्मले आफ्नो साथै अरू कसैको पनि कुभलो चिताउँदैन र आफ्नो अनुयायीहरूलाई सौम्य, उदार र शान्त जीवन निर्वाह गर्ने शिक्षा दिन्छ। अर्काको सुख र भलाईको लागि त्याग र सेवा गर्नुपर्छ भन्ने भनाई मैत्रीमा आधारित धर्ममा रहेको पाइन्छ। धर्मगुरूहरूद्वारा गरिने व्याख्या र परिभाषा र दिइएका उपदेशलाई तिनका अनुयायीहरूको बुझ्ने क्षमता अनुसार धर्म फरक-फरक हुन जान्छन्। कुनै धर्ममा धार्मिक नियम र नैतिक आचरणबारे कडा निर्देशन दिइएको हुन्छ भने कुनैमा त्यस्ता नियम र आचरण गर्ने तरिकामात्र बताइएको हुन्छ। प्रत्येक धर्मले विद्यमान मानवीय समस्या र असमानतामा कारण वताउने र त्यसको सुधारको कुरा गर्छन्। यही क्रममा कुनै धर्म भन्छन्- मानिसले यी सबै समस्या भोग्नै पर्छ, किनकि ऊ संसारको यात्रामा रहेको छ। यस्तो भनाइ प्रति कसैले प्रश्न गर्न सक्छ– 'त यी सबै के का लागि ? जबकि प्रत्येक मानिस भौतिक, बौद्धिक, सामाजिक, आर्थिक र वातावरणीय रूपमा फरक-फरक छन् भने सबैलाई एकै नासको कसरी मान्ने ?'

आध्यात्मिक जीवनको लक्ष्यबारे प्रत्येक धर्मको आ-आफ्नै दृष्टिकोण रहेको छ। कुनै धर्मले स्वर्ग प्राप्तिलाई आफ्नो अन्तिम लक्ष्य राखेको हुन्छ। कुनैले विश्वव्यापी चेतनाको ऐक्यबद्धता नै जीवनको लक्ष्य ठान्छन्, किनकि प्रत्येक जीवन चेतनाको एक इकाई हो र त्यो जरूर पनि मूल चेतनामा बिलीन हुनुपर्छ भन्ने तिनीहरूको विश्वास रहेको छ। कसैले जीवन र मृत्युबाट छुटकारा अथवा दुःखको अन्तलाई नै आफ्नो अन्तिम लक्ष्य ठानेका छन्। कोहीले अनिश्चित जीवन अवश्र्यभावी छ र स्वर्ग प्राप्ति अथवा ब्रह्मलीन भन्ने कुरा पछिमात्र आउँछ भन्छन्। र कोही  यस्तापनि छन् जसले जीवनको लक्ष्य अनुभव गर्न वर्तमान जीवन नै यथेष्ट छ भन्छन्।



Downloaded from http://www.dhamma.digital

परिलक्षित लक्ष्य हासिल गर्न प्रत्येक धर्मले आ-आफ्नै तरिकाहरू बताएका हुन्छन् । कुनै धर्मले ईश्वरमा आत्म समर्पण गर्न अथवा सबै कुराको लागि ईश्वरमा निर्भर रहने निर्देशन दिन्छन् । कसैले खराबी हटाउन तपस्या गर्नुपर्छ भनी कठोर संन्यास लिन लगाउँछन् । कुनै धर्मले शुद्धि र लक्ष्य प्राप्तिको लागि मन्त्र पाठ, पूजा आजाका साथै प्राणी बलिको समेत सिफारीस गर्छन् । अरू यस्तो पनि छ जसले सत्यलाई बौद्धिक स्तरमा ग्रहण गर्न र ध्यानद्वारा मन एकाग्र गर्न विभिन्न उपाय र युक्तिहरू सिकाउँछ ।

खराब कार्यका लागि दण्डको विषयमा प्रत्येक धर्मको फरक-फरक धारणा रहेको छ । केही धर्मको अनुसार जसले अपराध गर्छ, ऊ सधैंका लागि ईश्वरको दण्ड भागी हुन्छ । कोही भन्छ-क्रिया र प्रतिक्रियाहरू प्राकृतिक नियम अनुसार भइनै रहन्छन् र कुनै कार्यको फल केही समयमात्र भोग गरे पुग्छ । कुनै धर्म भन्छ– असंख्य जीवनहरूमध्ये यो एक जीवन हो र मानिसले उच्चतम मोक्ष प्राप्त नगरून्जेल आफ्नो अवस्था सुधार्ने मौका पाउँछ ।

मानव श्रृजित विभिन्न धर्मबारे यी र यस्ता बिस्तृत विवरण, व्याख्या र लक्ष्य पाइसके पछि मानिसले आफ्नो धर्मकोमात्र अन्धानुकरण गर्ने होइन बल्कि अरू धर्मप्रति पनि सहनशील भई खुला दिल राख्नु पर्छ ।

बुद्ध भन्नुहुन्छ– 'मैले भनेको भनेरैमात्र मेरो शिक्षा ग्रहण नगर्नु, पहिले त्यसलाई सुन जाँचेझैं जाँच ।'

धर्मका सिद्धान्तहरू बुझिसकेपछि यो सम्झनु आवश्यक छ कि धर्मको आवश्यकता र अभ्यास सबै प्राणीको हित, सुख र स्वतन्त्रताको लागि हो । याने कि सबै प्राणीको जीवन सुधार गर्न धार्मिक शिक्षालाई सकारात्मक रूपमा उपयोग गर्नुपर्छ। तैपनि आज मानिस पथभ्रष्ट र धार्मिक सिद्धान्तबाट विमुख हुँदैछन्। अनैतिक र दुष्कार्य सार्वजनिक जस्तै भइसके। र आधुनिक जीवनमा धार्मिक भावना भएका मानिसहरूलाई धार्मिक मूल्य र मान्यता जोगाउन कठिन हुँदैछ। दूषित र स्वार्थीमनलाई बुझाउन धर्मको आधारभूत शिक्षाको स्तर खस्किंदो छ। मानिसले आफ्नो स्वार्थ र लोभको वशमा परेर विश्वव्यापि नैतिक नियमलाई दूषित र उल्लंघन गर्न हुन्न, बल्कि धर्मद्वारा निर्देशित ती सिद्धान्तमा आफूलाई पनि ढाल्न सक्नु पर्छ। शान्ति र सुखी जीवनको आदर्शपथ थाहापाएका पवित्र धर्मगुरूहरूले शील आचरणको शिक्षा दिनुभएका छन्। जसले यी शील आचरण भंग गर्छ उसले प्राकृतिक नियम उपर अपराध गरेको ठहर्छ, बुद्धधर्म अनुसार त्यस्ताले खराब फल भोग्नै पर्ने हुन्छ ।

यसको अर्थ यो पनि होइन कि, धर्ममा उल्लेख भएको छ भन्दैमा समयानुकूल छ कि छैन भन्ने नै नसोचिकन त्यसको अन्धानुशरण गर्नै पर्छ। धार्मिक नियम र शील आचरण मानिसलाई रूढिवादी र अन्धभक्तिमा बाँधी राख्न होइन, अपितु मानिसलाई अर्थपूर्ण जीवन जीउन समर्थवान बनाउनका लागि हो। धर्मको आधाभूत सिद्धान्तलाई अंगाल्ने व्यक्तिले मानवीय प्रज्ञा (ठीक, बेठीक छुटचाउन सक्ने क्षमता) लाई मान्यता दिनुपर्छ र मानवीय प्रतिष्ठाका साथ एक आदरपूर्ण जीवन जिउनु पर्छ। हामीले धार्मिक क्रिया कलापलाई धर्मको मूल शिक्षामा प्रभाव नपर्ने गरी हाम्रो शिक्षा र बदलिंदो समाज सुहाउँदो रूपमा ढाल्नु पर्छ। तर यसो गर्दा केही कट्टरपन्थीहरूको विरोध सधैं भई नै रहन्छ। यस्तो कट्टरपन्थी विचारधारालाई कुनै पोखरीको प्रवाहहीन पानीको उपमा दिन सकिन्छ जबकि स्वच्छ विचारलाई झरनाको पानीको उपमा दिन सकिन्छ जहाँ पानी निरन्तर रूपमा स्वच्छ भइरहन्छ र उपभोग्य हुन्छ ।

**धर्मको बिकृति**– नैतिक उत्थान गर्नमा धर्मको महत्त्व भएतापनि धर्म एउटा धार्मिक खोल ओढाएर अन्धविश्वास र धार्मिक पाखण्डीलाई विकास गर्ने एक उर्वरा भूमि पनि हो। कतिपय मानिसहरू धर्म र धार्मिक व्यवहारको पोशाक लगाएर जीवनको वास्तवविकताबाट भाग्ने गर्छन्। तिनीहरूले पूजा प्रार्थना आदि गर्ने गर्छन् तर तिनीहरूको मन साँच्चिनै धर्मभीरू हुँदैनन् र धर्म वास्तवमा केका लागि हो भन्ने कुरापनि बुझेका हुँदैनन् । जब धर्म अज्ञानता, स्वार्थपन र शक्तिको लालचबाट अवमूल्यन भएको हुन्छ, तब मानिसहरू त्यसप्रति औंला ठडयाउँछन् र भन्छन् 'धर्म बेकारको छ ।' तर तथा कथित धर्म (कुनैपनि शिक्षाको वाह्य कर्मकाण्ड वा अभ्यास) र धर्मको वास्तविक शिक्षामा छुटचाउन सक्नुपर्छ। आलोचना गर्नुभन्दा पहिले ती धर्ममा प्रतिपादकहरूले दिएका मूलशिक्षा अध्ययन गर्नुपर्छ कि त्यसमा कुनै दोष छ वा छैन । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

धर्मले मानिसलाई असल हुन र असल काम गर्न सल्लाह दिन्छ, तर मानिसहरू यस्तो गर्न इच्छुक छैनन्। यसको सट्टा तिनीहरू कुनै धार्मिक मूल्य नै नभएको काम कुरा अंगाल्न नै चाहन्छन्। यदि उनीहरूले आफ्नो मनलाई ईर्ष्या, घमण्ड, निर्दयीता र स्वार्थीपनबाटमात्र बचाउन सकेको भएपनि कमसेकम धर्मको अनुशरण गर्ने सही बाटो थाहा पाउन सक्थे। धेरै मानिस आफू धार्मिक भएको अभिनय गर्छन्, तर धर्मको नाममा ठूल्ठूला अत्याचार गर्छन्। धर्मको उच्च आदर्श बिर्सेर उनीहरू धर्मकै नाममा लड्छन्, अशान्ति र भेदभाव फैलाउँछन्। तथाकथित धार्मिक कृयाकलाप र गतिविधिहरूमा भएको बृद्धिले गर्दा धर्मको उन्नति भएको छ भन्ने भान हामीमा हुनसक्छ, तर वास्तविकता ठीक यसको उल्टो छ। किनकि मानसिक विशुद्धि र समझदारीको अभ्यास धेरै नै कम मात्रामा मात्र भइरहेको छ।

धर्मको अभ्यास भन्नाले अरू केही होइन बल्कि आफ्नो आन्तरिक (भित्री) चेतना, मैत्रीभाव र समझ-दारीको विकास हो। आफ्नो आध्यात्मिक शक्तिमाथि पूर्णरूपमा निर्भर रहेरमात्र समस्यासँग सामना गरिनु पर्ने हुन्छ। अध्यात्मको नाममा समस्याबाट भाग्नु कायरता हो। आजको अस्तव्यस्त परिस्थितिमा मानिसहरू आफ्नै विनाशको बाटो तिर निरन्तर लाग्दैछन्। बिडम्बना यही छ कि मानिसहरू गौरवशाली सभ्यतातिर उन्मूख हुँदै छौं भन्ने सोच्छन् जबकि त्यो प्राप्त गर्न बाँकी नै छ।

यस्तो द्विविधाको बीचमा फेरि मानिसको मनमा अरूबढी लोभ र भ्रम सृजना गर्ने खालका काल्पनिक र बनावटी धार्मिक व्याख्यानहरू गरिदैछन्। धर्मलाई व्यक्तिगत फाइदा र शक्तिको लागि दुरूपयोग गरिदैछन्। युवाहरूमा आफ्नो धर्म प्रचार गर्न केही गैर जिम्मेवार धार्मिक समूहहरू स्वतन्त्र यौन जस्ता सस्ता र अनैतिक क्रियकलापहरूलाई बढावा दिंदैछन्। वासनायुक्त प्रलोभनको मद्दतद्वारा यिनीहरूले केटा र केटीहरूलाई आफ्नो धर्मको अनुयायी बन्न बहकाउन खोज्दैछन्। आज धर्मको वास्तविक अर्थ एवं नैतिक मूल्यलाई न्यून र संकुचित पारेर धर्मलाई धार्मिक बजारमा सस्तो बानाकोरूपमा पतित गरेको छ।

*क्रमशः*

# धम्मपद–२९१

✍ **डा. रीना तुलाधर (बनिया)**

*'परियत्ति सद्धम्म कोविद'*

**यस्सालया न विज्जन्ति – अञ्ञाय अकथङ्कथी**
**अमतो गधं अनुप्पत्तं – तम हं ब्रूमि ब्राह्मणं**

अर्थ– जसको आशक्ति छैन, जो बोध भएर संशय - रहित भइसक्यो, सुख स्वरूप निर्वाण प्राप्त गरिसक्यो, त्यस्ता व्यक्तिलाई नै म साँच्चैको ब्राह्मण भन्दछु।

घटना– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा वस्नु भएको बेलामा महामोग्गल्लान थेरको कारणमा भन्नु भएको थियो।

एक समयमा भिक्षु महामौद्गल्यायनको मनमा तृष्णा बाँकि छ कि के हो भनीकन भिक्षुहरू ले नचाहिँदो कुरा उठाएका थिए। भगवान बुद्धले यो कुरा थाहा पाउनु भई भिक्षुहरूलाई सम्झाउनु भयो। त्यहाँ भगवान् बुद्धले महामौद्गल्यायन स्थविरमा कुनै तृष्णाको लेस् बाँकि नरहेको भन्नुभयो र त्यत्ति बेला उपरोक्त गााथा भन्नुभयो। धर्म देशनाको अन्त्यमा धेरै मानिसहरूले श्रोतापत्ति फल लाभ गरे।

# धम्मपद–२९२

**यो'ध पुञ्ञञ्च पापञ्च – उभो सङ्ग उपच्चगा**
**असोकं विरजं सुद्धं – तम' हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– जो व्यक्ति पुण्य-पाप दुईटैको आशक्ति बाट अलग्ग भइसक्यो, क्लेश छुटीसक्यो, शोक रहित भइसक्यो, निर्मल छ, शुद्ध छ त्यसैलाई म ब्राह्मण भन्दछु।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले श्रावस्तीमा पूर्वाराम विहारमा बस्नुभएको बेला रेवत स्थविरको कारणमा भन्नुभएको थियो।

एकदिन भिक्षुहरूको बिचमा रेवत स्थविरको बारेमा कुरा भइराखेको थियो। उनीहरू भन्दै थिए– "अहो! श्रामणेरलाई धेरै लाभ भएको छ। अहो आफ्नो पुण्यको प्रभावले यसप्रकार एउटै व्यक्तिले पाँचसय भिक्षुहरूको लागि कुटागार विहार सयवटा बनाइदियो।"

त्यतिबेला भगवान बुद्ध त्यहाँ पुग्नु भएर भिक्षुहरू लाई सोध्नुभयो– "हे भिक्षुहरू ! अहिले यो अवस्थामा तिमीहरूको बिचमा के कुरा भइराखेको छ ?" भनी भएको कुरा बताए। भगवान् बुद्धले आज्ञा हुनुभयो– "हे भिक्षुहरू! मेरा पुत्रसंग न त पुण्य छ, न पाप नै छ। त्यससँग यी दुइवटै नरही प्रहीण भइसक्यो।" यसरी आज्ञा हुनुभई भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो।



Downloaded from http://www.dhamma.digital



# बुद्ध साहित्यकी गुरुमां धम्मवती

✍ मोहन दुवाल

गणेश कुमारी शाक्यले वि.सं. २००६ सालमा १४ वर्षको छँदा गृहस्थी जीवन त्याग गरी बर्माका भन्ते ऊ धम्माबुधसँग प्रेरणा प्राप्त गरेर कुशी नगर आशाम, नागाल्याण्ड हुँदै ६ दिन २ रात जंगल जङ्गलको बाटो भएर वर्माको खेमाराम बुद्ध विहारमा धर्मको अध्ययन गर्न पुगिन् । उनी सानै छँदा देखि नै आमासंग विहारमा गईरहने र आमाको इच्छा पनि भिक्षुणी बनाउने भएकाले यस बाटोमा लाग्न उनलाई थप उर्जा प्राप्त भयो । देशमा प्रजातन्त्र हुनु भन्दा अगाडि बर्मा पुगेकी यिनी २०२० सालमा नेपाल भित्रिएको देखिन्छ ।

वि.सं. १९९१ असार पूर्णिमामा पाटन, मङ्गल बजार, हौगलमा जन्मेकी गणेश कुमारी सानै छँदा देखि नै महिला माथि हुने शोषण, दमन र भेदभावबाट आफूलाई मुक्त राख्न चाहन्थिन् । जब उनी किशोर हुँदै आइन् महिला वर्ग माथि देखिने यस प्रकारको पीडाबाट मुक्त हुन सकिन्छ भनी क्रान्तिकारी कदम चालेर घर छाडी बर्मा पुगेको सन्दर्भ उनी सुनाउने गर्छिन् । नेपालमा जस्तो नारीमाथी थिचोमिचो र शोषण बर्मामा नभएको देखेर उनी धेरै प्रभावित छिन् । नारीको चेतना विकाश भएपछि घरको प्रगति खुल्छ । महिला प्रति राम्रो ब्यबहार र सम्मान भएपछि मात्र देशको कायापलट हुन्छ भन्न रूचाउने गणेश कुमारी आज धम्मवती गुरूमांका रूपमा ज्यादै चर्चित र प्रतिष्ठित भएकी छिन् । आज पनि महिलाको पीडा ब्यथा देखेर उनी भन्ने गर्छिन् "महिला माथि हुने शोषण, भेदभाव देरेर मलाई हेर्न गाह्रो हुन्छ । नेपालमा पुरूष र नारीमा देखिने असमानता देखेर रून मन लाग्छ । प्रजातन्त्र प्राप्ति पछि पनि यस्तै स्थिति छ, यस खालको स्थितिलाई परिवर्तन गर्न नसकेसम्म देशको प्रगतिको ढोका खुलाउन गाह्रो छ । बहाल-बहाल, चोक-चोकमा बुद्ध साहित्यको कथा भनेर प्रभाव छोड्न सफल धम्मवती बुद्धधर्म अनुयायीहरू सबैको लागि गुरूआमाका रूपमा परिचित छन् ।

नेपाल भाषामा कथा भन्न सिपालु शीलवान धम्मवती बुद्ध धर्मको विश्वास राखेर निरन्तर मानव धर्मकै लागि जुटेकी छिन् । उनले आफूलाई प्राप्त दान दातब्यबाट प्राप्त जम्मा गरेर थुप्रै सामाजिक सेवामा साहित्यिक संघ संस्थामा र नि:सहाय वर्गको हितमा सहयोग गरेकी छिन् । उनलाई यस्तै सेवामा रम्न पाएपछि सुखानुभुति प्राप्त हुने कुरा पनि बताउने गर्छिन् । नम्रताकी धनी, व्यवहारपरक ब्यक्तित्व र समाजपरक चिन्तनको लागि सक्षम उदार मनकी बुद्धकीचेली धम्मवतीको अन्तिम इच्छा महिलालाई सम्मान अधिकार प्राप्त गराई दिने र चेतनशिल बनाई दिने देखिन्छ । बर्माका गुरू दो पञ्ञाचारीबाट विशेष प्रभावित र बुद्ध नै मनपर्ने महापुरुष हुन्, भनी बताउने उनीलाई मनमा एउटा कुरा मुखबाट एउटा कुरा गर्ने छलीहरू मन पर्दैन, प्रष्ट बोल्नेहरू मात्र मन पर्ने बताउने गर्छिन् ।

काठमाडौं नघ:ल स्थित धर्मकीर्ति विहारमा बसोबास गर्दै आएकी यिनी धर्मशील चरित्र प्रदान गर्न बिहानै देखि सक्रिय हुन्छिन् । ध्यान गर्ने र कथा वाचन गर्ने क्रमलाई नै जीवन चर्या जस्तै बनाएकी यिनीलाई रोगले आक्रान्त पाऱ्यो । विदेशको हस्पिटलमा पुऱ्याएर सहयोगीहरूले सहयोग गरे । स्वास्थ्यमा सुधार गरेर हाल यिनी सेवा र धर्ममा तल्लीन छिन् । उनी भन्छिन्– भगवान बुद्धको त्यागको महिमा गाउन सकिदैन । मानव वर्गकै मुक्तिका लागि उनले सम्पूर्ण आफ्नो भन्ने कुरा त्यागे । त्यसैबाट प्रभावित भएर बुद्धकै त्याग मनमा राखि उनले पनि गृहत्याग गरेको देखिन्छ ।

धर्मको नाममा सामाजिक सेवामा भावनामा, साहित्य सिर्जनाकै समर्पणमा, शिक्षा दानकै कार्यभूमिमा लागेर मान्छे कै हितका खातिर आफूलाई समर्पित



Downloaded from http://www.dhamma.digital

गर्नेहरू महान हुन्छन् । महानताकै खोजीमा मान्छेकै उन्मुक्तिका लागि लागिपरिरहेकी एक महिला प्रतिभा हुन्– धम्मवती गुरूमा अर्थात् भिक्षुणी धम्मवती । यिनको सेवा र समर्पणलाई बुझेर यिनको सक्रियता र प्रभावकारिता देखेर यिनलाई वर्मेली सरकारबाट अग्गमहाग्रन्थवाचक पण्डित उपाधिले सम्मान प्रदान गरि एको छ। यस्तै आनन्दकुटी दायक सभा, नेपाः वर्मा विहार, नेवाः महागुठी, ज्यापु महागुठी, अन्तर्राष्ट्रिय भिक्षुणी संघ, ४० जनजातिबाट अभिनन्दन समेत प्राप्त गरिसकेकी धम्मवतीलाई ज्ञानमाला भजन खलःले ज्ञानमाला रत्नवत सिरपाः र नेपाल भाषा परिषदबाट “भाषा थुवा” को उपाधि प्रदान गरिसकेका छन् ।

संसारका धेरै ठाउँ पुगिसकेकी यिनका लागि मनपर्ने ठाउँ नेपाल नै हो । त्यसपछि वर्मा मन परेको कारणमा उनी भन्छिन्– “मान्छेमा भेदभाव कम छ । पुरुष र महिला बीचमा समानता छ। धेरै दृष्टिले सम्यक ठाउँ छ।” करिब ४५ वटा जति बुद्ध साहित्यका पुस्तक निकाली सकेकी यिनी धर्मकीर्ति बौद्ध धर्मको मासिक पत्रिकाको सल्लाहकार र प्रकाशिका पनि छिन् । त्यस्तै धर्मकीर्ति विहार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बसुन्धारा विहार, सुलक्षण कीर्ति विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय बौद्ध भिक्षुणी संघ, धर्मोदय सभा, केन्द्रीय सल्लाहकार सभा, आदि संघ-संस्थाका सभापति, संस्थापक, निर्देशक, उप-सभापति, सहयोगी-सदस्य आदि रहेर सेवा पुऱ्याईरहेको देखिन्छ । यिनको मुख्य भाषा नेपाल भाषा र दोस्रो भाषा वर्मिज भाषा हो । पाली, नेपाली र हिन्दी भाषामा पनि यिनी पोख्त छिन् । यिनका नेपाली र नेपाल भाषा र वर्मेली भाषामा पनि थुप्रै कृतिहरू प्रकाशित छन् ।

गणेश कुमारी शाक्यले धम्मवती गुरूमांको रूपमा प्रतिस्थापित हुन धेरै कुराको त्याग देखाईन् । यौवनको उन्मादमा पनि यौवनलाई त्यागेर सम्पन्नताको मोहलाई तिलाञ्जली दिएर, राणाकालिन अवस्थामा पनि क्रान्तिकारी कदम चालेर, सेवा नै मानविय धर्म हो भन्ने भावना मनमा लिएर निरन्तर सेवा र बुद्ध चरित्र नै मुलमन्त्र आत्मसात गरी लागिपरिरहेको कारणले उनी आजकी चर्चित भिक्षुणी अर्थात् गुरूमां धम्मवती बनिन् ।

*(साभार- ‘समाचारपत्र’ भाद्र ५, २०७२)*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्मः*
वि.सं. १९८६

*दिवंगतः*
बि.सं. २०७२ मंसीर १३ गते

## दिवंगत भिक्षुणी उत्तरा गुरूमां

किम्डोल, छाउनी

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य भिक्षुणी उत्तरा गुरूमां ८६ वर्षको उमेरमा दिवंगत हुनुभयो । धर्मकीर्ति पत्रिका उहाँको सुगति एवं निर्वाण हेतु प्राप्तिको कामना गर्दै पुण्यानुमोदन गर्दछ ।

**धर्मकीर्ति पत्रिका परिवार**

धर्मकीर्ति विहार, श्रीघः, नघः



Downloaded from http://www.dhamma.digital

# सम्राट अशोकको गुण स्मरण–२

✍ **श्यामलाल चित्रकार**

**५) सेवाभाव युक्त धार्मिक जीवन शैली अपनाउने अभियान बारे**

अशोकले आचार्य मौगलिपुत्ततिस्स लगायत बौद्ध भिक्षुहरूसंग बुद्ध शिक्षा अध्ययन गरे र विपश्यना ध्यानमा बसे । बुद्ध शिक्षा बमोजिम आफ्ना जीवन शैली बनाए । तर आफूलाई कहिले पनि बुद्धिष्ट भनिएन । शिला-लेखहरूमा धर्महरूको मात्र प्रचार गरियो । यस लोक र परलोकमा सुख पूर्वक जीवन जीउन अपनाउनु पर्ने धार्मिक बाटोहरू बारे अशोकको बिचार यसप्रकार उल्लेख भएको पाइन्छ ।

**गिरनार शिला : द्वितीय अभिलेख** – सबै ठाउँमा देवानांप्रिय प्रियदर्शी राजाबाट मनुष्यको लागि र पशुहरूको लागि दुई प्रकारको चिकित्सा व्यवस्था गरिएको छ । र पशुहरू र मनुष्यहरूको लागि प्रचुर मात्रामा उपयोगका लागि बाटोहरूमा इनार खन्न र रुखहरू रोप्न लगाइएको छ ।

**गिरनार शिला : तृतीय अभिलेख** – आमा बुबाको सेवा उत्तम हो, मित्रहरू चिनेजानेकाहरू, जाति भाईहरू, ब्राह्मणहरू र श्रमणहरूलाई दान दिनु उत्तम हो, प्राणीहरूको हत्या नगर्नु उत्तम हो, कम खर्च गर्नु र कम सञ्चय गर्नु उत्तम हो ।

**स्तंम देहली–टोपा : द्वितीय अभिलेख** – धर्म श्रेष्ठ हो, तर धर्म के हो । पाप कर्मबाट टाढा रहने, धेरै सत्कर्म गर्ने दया, दान, सत्य र शुचिता पवित्रता) ।

गिरनार शिला : अष्टम अभिलेख – वस्तुतः सबै मानिसको भलाई गर्नु भन्दा राम्रो काम अरू कुनै काम छैन ।

**६) धर्मलाई चीर स्थाई गर्न अपनाईको कार्यहरू बारे**

चीरं तिट्ठतु सधम्मो अर्थात् सद्धर्म चीर कालसम्म रहोस् भन्ने उद्देश्यले सम्राट अशोकले विभिन्न कदमहरू चाले । बौद्ध आचार्यसँग भगवान् बुद्धको उपदेशहरू कति छन् भनी सोधनी हुँदा ८४००० धर्मस्कन्ध भएको जवाफ प्राप्त भए पछि भारतमा ७ वटा स्तूपहरूबाट भगवान् बुद्धका अस्थि धातुहरू झिक्न लगाई प्रत्येकमा अस्थि धातु राखि ८४००० चैत्यहरू बनाउन लगाए र भिक्षु भिक्षुणीहरूका लागि धेरै विहारहरू बनाउन लगाए । ई.पू. २५० मा १००० जना भिक्षुहरूको तेश्रो संगयानामा ९ महिना लगाई बुद्ध उपदेशहरू कण्ठ वाचन गरियो । ६०००० गैन्ह बौद्धहरूलाई निष्काशन गरियो । बौद्ध दर्शनमा गलत विचारलाई स्पष्टिकरण दिई कथावत्थु सङ्कलन गरियो । अर्को महत्वपूर्ण कुरा अशोकले संवेजनीय बौद्ध स्थलहरूमा यात्रा गरे र ती स्थानहरूमा महत्त्वपूर्ण ऐतिहासिक कलापूर्ण स्मारकहरू स्थापना गरियो । साँची स्तुप, सारनाथ स्तम्भ इत्यादि अद्वितीय छन् । नेपालीलाई ठूलो गुण लगाएको भनेको लुम्बिनीमा रहेको शिला स्तम्भ हो । त्यो नभएको भए बुद्ध नेपालमा जन्मेको कुरा सिद्ध हुने थिएन । त्यो ऐतिहासिक प्रमाण देख्दा देख्दै लुम्बिनी भारत रहेको भनी पर्यटकीय ब्रोसर र पुस्तिकाहरूमा लेखी राखेको देख्न पाइन्छ । बुद्ध नेपालमा जन्मेको भनि अझै प्रचार प्रसारको आवश्यक देखिन्छ । त्यस स्तम्भमा यसप्रकारले लेखिएको छ ।

**लघु स्तम्भ : रुम्मिनदेई** – अभिषेकको बीस वर्ष पछि देवानाप्रिय प्रियदर्शी राजा द्वारा स्वयं आएर पूजा गऱ्यो किन भने शाक्यमुनि बुद्धको यहाँ जन्म भएको थियो । (उहाँबाट यहाँ) ढुङ्गाको धेरै ठूलो पर्खाल बनाउन लगायो र शिला स्तम्भ राख्न लगायो । किनभने यहाँ भगवान् जन्मनु भएको थियो । लुम्बिनी ग्रामको धार्मिक कर माफ गरी दिइयो र मालगुजारी रुपमा केबल आठौं भाग मात्र (राखियो) ।

**उपसंहार :** सम्राट अशोकको कृति र गुणहरूबारे थाहा पाउन धेरै अनुसन्धानको आवश्यक पर्दैन । सम्राट अशोकको अभिलेख बारेको एउटै पुस्तकबाट पर्याप्त ज्ञान हुनेछ । उपरोक्त कुराहरू केही संक्षेपमा मात्र प्रस्तुत गरिएको छ । त्यसबाट पनि उहाँको गुणहरू स्मरण गरि सबैले अनुशरण गर्न प्रेरणा मिलोस् भन्ने कामना गरिन्छ ।

भवतु सब्ब मंगल ।

*सन्दर्भ -*

१) सम्राट अशोकके अभिलेख (ए.डि. २००६) इगतपुरी, महाराष्ट्रः विपश्यना विशोधन बिन्यास
२) महाजन, भि.डि. एन्सेण्ट ईण्डिया (रिप्रिन्ट ए.डि. २००७) न्यू देहलीः एस.चण्ड कम्पनी लि.



Downloaded from http://www.dhamma.digital

# अग्गमहासद्धम्म जोतिकधज, उपसंघनायक, त्रिपिटकाचार्य, श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर : एक चर्चा

✍ कृष्ण कुमार प्रजापति
नगदेश बुद्ध विहार

**पृष्ठभूमिः** शान्तिका महानायक, महामानव, युगपुरूष, विश्वबन्द्य महापुरूष, गणनायक तथागत गौतम बुद्धको जन्मभूमि नेपालमा क्रुर जहाँनिया राणाशासनको अन्त्यतासंगै स्थविरवाद बुद्धधर्मको पुनःउदय भएको थियो । स्थविरवाद बुद्धधर्मको पुनर्जागरणको शुभारम्भमा हाम्रो देशमा प्रथम प्रब्रजित श्रमणका रूपमा श्रद्धेय परिनिवृत भिक्षु महाप्रज्ञाको उदयको संगसंगै श्रद्धेय परिनिवृत अग्ग महापण्डित भिक्षु प्रज्ञानन्द (श्रामणेर कर्मशील) महास्थविरको गुरू शिष्यको रूपमा उदय भएको ऐतिहासिक घटनालाई कदापि बिर्सनु हुँदैन । दुवै व्यक्तित्वले मित्र राष्ट्र भारतको कुशीनगरमा म्यानमार (वर्मा) का श्रद्धेय गुरू भिक्षु ऊ चन्द्रमणि महास्थविरज्यूको उपाध्यायत्वमा श्रामणेर-दीक्षा (प्रव्रज्या) ग्रहण गर्नु भएको पनि संस्मरण गरिन्छ ।

क्रुर राणा शासनको अन्त्यता भन्नु नै प्रजातन्त्रको उदय हुनु हो । अतः प्रजातन्त्रको उदय संगसंगै धर्म, भाषा, संस्कृति, सामाजिक, राजनीतिक, शैक्षिक आदी क्षेत्रका परिवर्तनका लागि अभ्यासरत हुन थाल्यो । प्रजातन्त्रको मिरमिरे विहानी अगावै स्थविरवाद बुद्ध धर्मको जागरणमूलक प्रचार, त्यो प्रचारको माध्यम नेपाल भाषाबाट गरेकोले शासक वर्ग भ्रूनै क्रुर भै देश-निकाला गर्ने सम्म कार्य गरेका थिए । नेपालभाषाका सेवकहरू त जेल जीवन यापन गरी कष्ट साध्य हुनु परेको थियो । श्री ३ जुद्ध शम्शेर महाराजले वि.सं. २००१ श्रावण १५ का दिन आठ जना नेपालका श्रद्धेय भिक्षु श्रामणेरहरूलाई स्वदेशबाट निकाला गरेको “नेपालको कलंकित इतिहास” साक्षी सबुद रहेको छ । अमानवीय, क्रुरतम देश निकालाको त्यो “कालो दिन” ले बुद्ध धर्म र नेपाल भाषासेवीहरूलाई भ्रन उर्जा थप्न पुगेको थियो । त्यसको विरोध स्वरूप नेपालमा “शुद्ध धर्मको उदय” गर्ने मनसायले अभियानकै रूपमा श्रद्धेय गुरू भिक्षु चन्द्रमणि महास्थविरज्यूको अध्यक्षता भारतको सारनाथमा गत वि.सं. २००१ कार्त्तिक १५, तदनुसार इं.सं. १९४४ नोभेम्बर ३० का दिन नेपाकै जठो बौद्ध संस्थाको रूपमा ऐतिहासिक तवरले “धर्मोदय सभा” को गठन भै हालसम्म क्रियाशिल भै राष्ट्रिय अन्तर्राष्ट्रिय छवि कायम गर्न सफल भएको मानिन्छ । यही धर्मोदय सभाको अग्रसारितामा वि.सं. २०१३ सालमा चतुर्थ विश्व बौद्ध सम्मेलनले सफलता हासिल गरेको थियो भने वि.सं. २०४३ सालतिर पन्ध्रौं विश्व बौद्ध सम्मेलनको आयोजना गरेको थियो ।

अन्तर्राष्ट्रिय ख्याति प्राप्त बौद्ध विद्वान श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरको क्रियाशीलता एवं मित्रराष्ट्र श्रीलंकाका श्रद्धेय भिक्षु नारद महाथेरो, श्रद्धेय भिक्षु प्रियदर्शी महाथेरो जस्ता विद्वत एवं प्रभावशाली शिष्टमण्डलको महलमा स्वदेशबाट निष्काशित श्रद्धेय भिक्षु श्रामणेरहरूलाई स्वदेश पुरागमन गर्न श्री ३ पदम शम्शेर ज.ब.रा बाध्य हुन पुगे । ती आठ जना भिक्षु श्रामणेरहरूमध्ये जीवित इतिहास हुन पुगेका श्रद्धेय त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरज्यू, जो त्यसबेला श्रामणेर कुमार हुनुहुन्थ्यो ।

**जन्मः** पश्चिम नेपालको ऐतिहासिक नगरी पाल्पा-तानसेन निवासी बौद्ध कुलका पिता सन्तमान शाक्य र माता तेज लक्ष्मी शाक्यको कोखबाट वि.सं. १९८३ तिर जन्मनु हुँदा गृहस्थ नाम “अष्टमान शाक्य” बाट नामाकरण र पहिचान हुन पुगेका थिए । बाल्यकालमै पिताको मृत्यु भै पितृस्नेहीताबाट बञ्चित भै आमाको मातृस्नेही एवं ममतामयी छत्र छायाँमा जीवन यापन कठीन तवरले गरी आएको थियो । एक्लो पुत्र अष्टमानले १४ वर्षको कलिलो उमेरमा श्रामणेर सुमंगल, जो अन्धो हुनुहुन्थ्यो, को प्रेरणा र प्रभावद्वारा श्रमण जीवन यापन गर्ने कल्पनामा डुबेका थिए ।

**प्रव्रजित जीवनः** अन्धो श्रामणेरको प्रभावबाट श्रामणेर प्रव्रज्या ग्रहण गर्ने कल्पना बनेका अष्टमान शाक्यलाई दुई वर्षपछि श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविर



Downloaded from http://www.dhamma.digital

सितका सम्पर्कबाट वि.सं. १९९९ मा भारतको कुशीनगर मा ऊ चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा एवं भिक्षु प्रज्ञानन्द महास्थविरको आचार्यत्वमा "श्रामणेर कुमार" नामबाट श्रामणेर दीक्षा पाउनु भयो । श्रामणेर प्रव्रज्या पश्चात स्वदेश फर्की स्वयम्भूस्थितको ऐतिहासिक किण्डोल विहारमा बस्नु भयो । "त्यसबेला भिक्षाटन जाँदा घण्टौं हिंड्दा पनि एकमाना चामल, एक रूपैया प्राप्त गर्न गाऱ्हो हुन्थ्यो, तर अहिले समयले कोल्टो फेरी सकेको छ," वहाँ भन्ते बार बार भन्नुहुन्थ्यो, सम्झनु हुन्थ्यो ।

देश निकालाको समयमा आठै जना भिक्षु श्रामणेरहरूलाई एउटै पंक्तिमा उभ्याई सिंहदरवारमा श्री ३ जुद्ध शम्शेर महाराजले थर्कमान स्वरमा डरलाग्दो गरी गर्जेको र देश निकाला गर्ने आदेश गरेको बेलामा कुमार भन्तेले निर्भीक भै "हामीहरू खान नपाएर भिक्षु भएका होईन, भगवान बुद्धको धर्म प्रचार गर्न, अभिवृद्धि गर्न गराउन समर्पित भै प्रव्रजित जीवन यापन गरेका हौ" भनी प्रत्युत्तर दिनु भएको संस्मरण सदा गर्नु पर्दछ । भारतमा प्रव्रजित जीवन यापन गरी रहनु हुँदा सारनाथमा श्रीलंकाका श्रद्धेय भिक्षुहरू भ्रमणार्थ आउनु भएकाहरूसित श्रामणेर कुमार पनि बुद्ध धर्म अध्ययनार्थ श्रीलंकामा प्रस्थान गर्नु भएको थियो ।

**उपसम्पदा दीक्षा ग्रहणः** वि.सं. २००८ सालमा नेपालमा भगवान् बुद्धका अग्र-श्रावक महाश्रावक भिक्षु सारिपुत्र र मौद्गल्यायन महास्थविरको पवित्र अस्थिधातु राजकीय सम्मानका साथ प्रदर्शन गराई विविध कार्यक्रमहरू भई रहेकै बेलामा स्वयम्भुस्थितको आनन्दकुटी विहारमा नवनिर्मित भिक्षु उपसम्पदा सिमागृहमा श्रामणेर कुमार र श्रामणेर विमलानन्दले उपसम्पदा दीक्षा प्राप्त गरी पूर्णरूपमा भिक्षु हुनु भयो । म्यानमार (वर्मा) का श्रद्धेय भिक्षु ऊ कोविद महास्थविर ज्यूको उपाध्यायत्वमा उपसम्पदा दीक्षा प्राप्त भएपछि श्रामणेर कुमार "भिक्षु कुमार काश्यप" हुनु भयो । श्रामणेर विमलानन्द – "भिक्षु विमलानन्द" हुनु भयो तत्पश्चात भिक्षु कुमार काश्यप पुनः अध्ययनार्थ श्रीलंका जानु भयो ।

त्रिपिटकाचार्य उपाधि प्राप्तः आनन्दकुटी विहारमा निर्मित सीमागृहमा प्रथमपल्ट श्रामणेर कुमारबाट उपसम्पदा दीक्षा प्राप्त गरी भिक्षु कुमार काश्यपबाट पूर्णरूपमा भिक्षुत्व ग्रहण गरी श्रीलंका अध्ययनार्थ जानु भयो । अध्ययनमा दत्तचित भै लाग्दा लाग्दै श्रीलंकाको प्रशिद्ध विद्यालंकार परिबेणबाट वहाँले "त्रिपिटकाचार्य" परीक्षामा उत्तीर्ण भै उक्त उपाधि हासिल गर्नुभयो । श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरज्यू बुद्धभूमि नेपालको प्रथम एवं हालसम्म एक्लो विद्वत व्यक्तित्व "त्रिपिटकाचार्य" भिक्षुको रूपमा सुपरिचित हुनुहुन्थ्यो । वहाँको श्रीलंकामा बुद्धधर्मको अध्ययनका साथै अध्यापन कार्यमा समेत सफलता हासिल गर्नु भएको थियो । वहाँको युवावस्थामा श्रीलंकामा रहनु हुँदा श्रीलंकाको राजनैतिक क्रियाकलापमा सरिक भै जोशिलो भाषण गर्नु भएको समेत सम्झना गर्नु हुन्थ्यो बेला बखतमा ।

त्रिपिटक अनुवाद कार्यमा सघाउः मित्रराष्ट्र श्रीलंकाबाट "त्रिपिटकाचार्य" उपाधि हासिल गरीसकेपछि श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरज्यू भारतको सार नाथमा आउनु नै भारत प्रशिद्ध भिक्षु जगदीश काश्यपज्यूको नेतृत्वमा देवनागरी लिपिमा पालि प्रकाशन समितिमा रही कार्य सम्पादन गर्नु भयो । त्रिपिटकका धुरन्धर विद्वान श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर ज्यूले भारतको सारनाथमा रहुन्जेल त्रिपिटक अनुवाद कार्यमा श्रद्धेय भिक्षु जगदीश काश्यपज्यूलाई सघाउनु भएको थियो । श्रद्धेय भिक्षु जगदीश काश्यपज्यूले नव-नालन्दा विश्व विद्यालय (महाविहार) संस्थापन गरी हाल नियमित पठन-पाठन भएको पनि संस्मरण योग्य छ । वहाँ त्यस विश्व विद्यालयको संचालक प्राचार्य पनि हुनुहुन्थ्यो ।

बुद्धकालीन ग्रन्थमाला प्रकाशनमा सघाउः आनन्दकुटी विहारमा आवाशीय विहाराधिपतिको रूपमा रहनु भएका परिनिवृत श्रद्धेय भिक्षु डा. अमृतानन्द महास्थविरद्वारा रचित एवं संग्रहित बुद्धकालीन ग्रन्थमाला प्रकाशनमा वहाँको शिष्यत्व ग्रहण गरी धार्मिक श्रम खर्चिनु भएको थियो । श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरले । कुमार काश्यप महास्थविर आफ्ना जमानामा लगनशील, जुझारू एवं कर्मठ व्यक्तित्व हुनु भएकोले वहाँले यसरी त्रिपिटक अनुवाद कार्य होस् या बुद्धकालीन ग्रन्थमाला प्रकाशन कार्यमा सघाउ पुऱ्याउने कार्य त वहाँको स्वभाव गुणभित्रै पर्दो रहेछ । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# The Mouse Merchant

## ( Diligence and Gratitude )



Once upon a time, an important adviser to a certain king was on his way to a meeting with the king and other advisers. Out of the corner of his eye, he saw a dead Mouse by the roadside. He said to those who were with him, "Even from such small beginnings as this dead mouse, an energetic young fellow could build a fortune. If he worked hard and used his intelligence, he could start a business and support a wife and family."

A passer-by heard the remark. He knew this was a famous adviser to the king, so he decided to follow his words. He picked up the dead mouse by the tail and he had gone even a block, a shopkeeper stopped him. He said, "My cat has been pestering me all morning. I'll give you two copper coins for that mouse." So it was done.

With the two copper coins, he bought sweet cakes and waited by the side the road with them and some water. As he expected, some people who picked flowers for making garlands were returning from work. Since they were all hungry and thirsty, they agreed to buy sweet cakes and water for the price of a bunch of flowers from each of them. In the evening, the man sold the flowers in the city. With some of the money he bought more sweet cakes and returned the next day to sell to the flower pickers.

This went on for a while, until one day there was a terrible storm, with heavy rains and high winds. While walking by the king's pleasure garden, he saw that many branches had been blown off the trees and were lying all around. So he offered to the king's gardener that he would clear it all away for him, if he could keep the branches. The lazy gardener quickly agreed.

The man found some children playing in a park across the street. They were glad to collcet all the branches and brush at the entrance to the pleasure garden, for the price of just one sweet cake for each child.



Downloaded from http://www.dhamma.digital

Along came the king's potter, who was always on the lookout for firewood for his glazing oven. when he saw the piles of wood the children had just collected, he paid the man a handsome price for it. He even threw into the bargain some of his pots.

With his profits from selling the flowers and the firewood. the man opened up a refreshment shop. One day all the local grass mowers, who were on their way into town, stopped in his shop. He gave them free sweet cakes and drinks. They were surprised at his generosity and asked, "what can we do for you ?" He said there was nothing for them to do now, but he would let them know in the future.

A week later, he heard that a horse dealer was coming to the city with 500 horses to sell. So he got in touch with the grass mowers and told each of them to give him a bundle of grass. He told them not to sell any grass to the horse dealer until he had sold his. In this way he got a very good price.

Time passed until one day, in his refreshment shop, some customers told him that a new ship from a foreign country had just anchored in the port. He saw this to be the opportunity he had been waiting for. He thought and thought until he came up with a good business plan.

First, he went to a jeweler friend of his and paid a low price for a very valuable gold ring, with a beautiful red ruby in it. He knew that the foreign ship was from a country that had no rubies of its own, where gold too was expensive. So he gave the wonderful ring to the captain of the ship as an advance on his commission. To earn this commission, the captain agreed to send all his passengers to him as a broker. He would then lead them to the best shops in the city. In turn, the man got the merchants to pay him a commission for sending customers to them.

Acting as a middle man in this way, after several ships came into port, the man became very rich. Being pleased with his success, he also remembered that it had all started with the words of the king's wise adviser. So he decided to give him a gift of 100,000 gold coins. This was half his entire wealth. After making the proper arrangements, he met with the king's adviser and gave him the gift, along with his humble thanks.

The adviser was amazed, and he asked,"How did you earn so much wealth to afford such a generous gift?" The man told him it had all started with the adviser's own words not so long ago. They had led him to a dead mouse, a hungry cat, sweet cakes, bunches of flowers, storm damaged tree branches, children in the park, the king's potter, a refreshment shop, grass for 500 horses, a golden ruby ring, good business contacts, and finally a large fortune.

Hearing all this, the royal adviser thought to himself, " It would not be good to lose the talents of such an energetic man. I too have much wealth, as well as my beloved only daughter. As this man is single, he deserves to marry her. Then he can inherit my wealth in addition to his own, and my daughter will be well cared for."

This all came to pass, and after the wise adviser died, the one wno had followed his advice became the richest man in the city. The king appointed him to the adviser's position. Throughout his remaining life, he generously gave his money for the happiness and well being of many peple.

***THE MORAL IS: With energy and ability, great wealth comes even from small beginnings.*** ❖

*(Source-'Buddhist Tales for Young and Old' Vol-1, Stories 1-50 Prince Goodspeaker)*



Downloaded from http://www.dhamma.digital

# बुद्धकालय् नं जू सम्पपत्तिया ल्वापु

✍ सुनिता मानन्धर

ल्वापु व दौर्मनस्य जुइगु यक्व हे कारण दु । थुकी मध्ये सम्पत्ति नं छगू कारण खः । मांबौ दाजुकिजा तताके हैं, फुकी थः थितिनापं त्वाःबहाः यापिं नापतकं ल्वापु जुयाच्वनी । थुकिया हे कारणं स्यायेत, पालेत, भ्रूगः लाये त, दायेत तकं लिचिली मखु । अझ सम्पत्तिया नामय् दँदँ तक अड्डा अदालतय् ब्वाँय् जुइ । बाज्याया पालय् म्हितूगु मुद्दा छुइया पालय् तकं क्वचाइमखु । थःगु सम्पत्तिया ब्व सुयातं इना बी माली धकाः ग्याना जुइ । थुकिया कारणं मानसिक ल्वचं कयेकाः जुइ । अले न्ह्याथेंजाःगु जालझे ल यानाः जूसां थः याकःचां सम्पत्ति क्वबीत स्वइ । थुकथंया परिस्थिति थौं जक ब्वलंगु मखु । बुद्धकालय् व बुद्धकाल स्वयां न्ह्यः नं थुकथंया स्थिति ब्वलंगु खः ।

श्रावस्तीया तिस्स नांया महाजन छम्ह दु । वयाके अंश भाग छुटे मयाः गु पीगु कोटी धन दु । थः गु अंश छुटे मयासें व भिक्षु जूवन । थःगु सम्पत्ति दक्वं थः किजा व किजा भौयात लःल्हात । तर वया किजाभौया मनय् शंका ब्वलन । तिस्स स्थविर प्रवजित जीवन त्वःता हाकनं लिहाँ वइ धकाः ग्यात । गृहस्थी जीवन हंवल कि हाकनं बच्छि सम्पत्ति भाग बी माली धकाः धन्दा जुल । उकिं वं डाँकात् छ्वयाः तिस्स स्थविरयात स्याके छ्वल ।

थः के दुगु श्रीसम्पत्ति मेपिंत लःल्हाये माल कि नं दौर्मनस्य ब्वलनेफु । तथागत बुद्धया इलय् देवराज इन्द्रया नं दौर्मनस्य ब्वलंगु खः । देवराज इन्द्र इन्द्रलोकं च्यूत जुइवं अन हाकनं मेम्ह इन्द्र वइगु खः । थः देवलोकं च्यूत जुइन धइगु खँ सीवं देवराजया मनय् दौर्मनस्य ब्वलन । थःगु ऐश्वर्य श्रीसम्पत्ति मेपिनिगु अधिनय् वनीगु जुल धकाः ग्यानाः जुल । मनय् दुःख तायेकाः जुल ।

अथे ला थः गु सम्पत्ति जक मखु । भागंथछि बर ाबर ब्वथले माःगु सम्पत्ति नं ब्वथला बीत ग्याना जुइ । दक्व सम्पत्ति थः यकः ति यायेत स्वइ । थुकिया लागिं नाना कथंया जालझेल याः जुइ । असत्यः ज्याखँ याः जुइ । मच्छुद्दान जातकय् नं थुकथंया घटना न्ह्यथनातःगु दु । वाराणसी देशय् छम्ह जमिन्दार दु । वया निम्ह कायपिं दु । जमिन्दार सिनाः वने धुंकाः उपिं निम्ह कायपिं थः बौ नं बियातःगु साहु उठेयाः वन । उपिं निम्हेसिनं द्वःछि कर्षापण उठे यात । किजाम्ह धाःसा थः दाजुययात बच्छि कार्षापण बी माली धकाः ग्यात । वं कर्षापण नापसं उथें च्वंक मेगु छगू प्वः नं दयेकल । उकी ल्वहँचा? फिप्वः चा तयाः प्वः चिनाः उपिं खुसिया दथुइ थ्यन । वं थः नाउचाय् तक्यं थें यात । अले उपिं कर्षापण कुर्के थें याना ल्वहँचा प्वः दुगु प्वःचा कुर्कल । दक्व कर्षापण थःत हे लात धयाथें व दंग जुल ।

उमतोभट्ठ जातकय् नं भाग बी माल धकाः ग्याःगु खँ न्ह्यथनातःगु दु । थुकी माझी छम्ह जः लाखःलायात न्या भाग बीमाली धकाः ग्यागु खः । छन्हु माझी न्या लायेत पुखुली वन वया जालय् तःधिकःम्ह न्या लाः थें च्वन । तःधिकःम्ह न्या लायेवं जःलाखःलायात भाग बीमाः । थुकिं यानाः वया चिन्ता जुल । थः व थः छेँजःपिंसं जक तःधिकःम्ह न्या नयेगु बिचाः यात । वं थः काययात छेँय् छ्वल । कायम्ह वना मांम्हेसित जः लाखःलानाप ल्वाःहुँ धाल । कायम्हं थुलि धायेवं खँ थुल । वं थः जःलाखःलायात न्या भाग मबीगु बिचाः यात । व स्वाःसां स्वाःसां जःलाखःलानाप ल्वायेगु त्वहः माला जुल । निकति खँ दयेवं व जःलाखःलापिंनाप ल्वाः जुल । थुकथं दक्व भाग थम्हं कायेगु लागिं सुयातं भ्रूगः लायेगु, मखुगु खँ ल्हायेगु नापं ल्वायेगु थें जाःगु ज्या तकं याइ ।

थन बुद्धकालयया निम्ह व्यापारितय्गु खँ नं न्ह्यथने । निम्ह व्यापारीत मिले जुयाः उखेंथुखें ज्याः याः जुल । उमिसं आपालं धन सम्पत्ति कमे यात । धन मुनाः उपिं श्रावस्ती लिहाँ वल । उपिं मध्ये छम्ह व्यापारी झे ल्लाःम्ह जुयाच्वन । वं थः पासायात सम्पत्तिं बछि मबीगु बिचाः यात । तःपिनि सम्पत्ति ब्वथलेत वं अनेतने त्वहः चिन । वंपासाम्हेसित गबलें थौं नक्षत्र बांमलाः धाल । गबले थौंया न्हि हे बांमलाः धाल । थुकथं थःगु भागय् मलाःसा दक्व सम्पत्ति थःगु यायेत स्वत ।

खयत ला सम्पत्ति खन कि सकस्यां मिखा तग्वः जुइ । थः के न्ह्याक्व दःसां मगाः थें तायेकी । थःगु भाग कतः यात बीत ग्याइगु जक मखु कतः या भागनापं थःगु यायेत स्वइ । थुकिया लागिं स्वाः मदुगु त्वहः चिनी । जु हे मजुइगु असत्य खँ ल्हाइ । कुटवाणिज जातकय् नं थुकंथं



Downloaded from http://www.dhamma.digital

या ज्याखँ जूगु दु । छगू इलय् गां व शहरया निम्ह बंजा:त पासापिं दयाच्वन । छन्दु गांया बंजा: शहरय् च्वंम्ह बंजा: याथाय् वल । वं थ:गु न्यास: फालि अन तया थकल । शहरया बंजालं फालि का: वल । थुगु इलय् शहरया बंजालं फलि दक्व छुं नल धका: छुँखि क्यन । थुकथं जुइ हे मफइगु खँ ल्हाना: शहरया बंजालं गांया बंजा: यात फालि लित मबिउ ।

च्वय् न्ह्यथनागु घटना सम्पत्तिया कारणं पिदंगु छुं छुं लिच्व: जक ख: । सम्पत्तिया कारणं ल्वापु जूगु कारण यक्व दु । इलय् ब्यलय थौं नं थुकथंया बुखँत पिहाँ नं व: । थुकिं याना: दाजुकिजा, पासापिं बायावंगु दु । मांबौ तापानावंगु दु । छम्हं मेम्हेसित स्या:गु दु । ल्वा जक ल्वाना: सिनावंपिं नं दु । थ:गु जीवनका:छि मानसिक ल्वचं कयेकाच्वंपि नं दु । थौं गुलि गुलि भौतिक सम्पत्ति यक्व दत उलि उलि मनूत स्वार्थी नं जुयावंगु दु । थौं देशय् संकटया स्थिति ब्वलनाच्वंगु दु । अति आवश्यक वस्तुया हाहाकार जुयाच्वंगु दु । तर नं थौं थन भौतिक सम्पत्ति मुनेगु ज्या त्व:तूगु मदु । थौंयात द:सा भविष्यया लागि धमा: मुना जुइ । भागंथछि इना नये जिउगु ब्व नं थ: यक:ति यायेत स्वइ । थ: याक:चां मोज यायेगु इच्छा याइ । यक्व भौतिक सम्पत्ति मुने फुम्हेसित सुखी तायेकी । तर वहे सम्पत्तिया कारणं थम्हं पाप कर्म यानाच्वंगु खंकी मखु । थुकिया कारणं थम्हं पाप कर्म यानाच्वंगु खंकी मखु । थ:गु ब्व सुयातं बीत त्याग भावना दयेकेमा: । त्याग भावना दुम्ह मनुखं जक गबलें सुयागुं सम्पत्तिइ मिखा ब्वइ मखु । भौतिक सम्पत्तियात चीधंगु सम्पत्ति कथं तायेकी । सकसितं बराबर खंकी । कत: या भाग कायेगु ला छु थ:गु भागनापं कत: यात बी । थुकिया कारणं वयाके दौर्मनस्य दइ मखु । ल्वापुख्यापु पिदनी मखु । सदां आनन्द व सुखमय जीवन हनाच्वनी । तथागत बुद्धं राजगृह नगरय् गंगारोहनयात नं थुकथंया हे गाथा कनाबिज्या:गु ख: । वसपोलं धयाबिज्या:गु दु, 'भतिचा सुख त्याग याना: आपा: सुख दइगु सम्भावना दत धा:सा बुद्धिमानं यक्व सुखया कारणं कम सुखया त्याग याइ ।

❖

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



## दिवंगत कृष्णदेवी मानन्धर

क्षेत्रपाटी, काठमाडौं

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य एवं धर्मकीर्ति विहार अन्तरगत कृष्णदेवी क्षेत्रपाटी समूहकी प्रमुख कृष्णदेवी मानन्धर वि.सं. २०७२ मंसिर १० गते पारूका दिन दिवंगत हुनुभयो ।

यस दु:खड घडीमा उहाँका परिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै उहाँको पारलौकिक जीवन सुगतिमय बन्दै निर्वाणको हेतु प्राप्त गर्न सफल होस् भन्ने कामना गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**

धर्मकीर्ति विहार, श्रीघ:, नघ:

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## धम्मपद – बालवर्ग

*२०७२ मार्गशीर्ष १९ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राजभाई तुलाधर*

**यावदेव अनत्थाय, ञत्तं बालस्स जायति ।**
**हन्ति बालस्स सुक्कंसं, – मुद्धमस्स विपातयं ॥**

मूर्खसंग भएको सीप ज्ञानले उसको आफ्नै हानी नोक्सानी गर्छ । यसले उसको गुण विवेकलाई आफ्नै टाउको काटिए जस्तै नास गर्छ ।

महामौंद्‌गल्यायन भन्ते लक्खण भिक्षुसंगै भिक्षाटनमा गइरहेको वेला वहाँले सट्ठिकुट नामका प्रेत देख्नु भयो जसको टाउकोमा रातो तातो घनहरूद्वारा निरन्तर प्रहार भइरहेको थियो । सो प्रेतले एउटा पूर्वजन्ममा गुलेली हान्ने कला सिकेर त्यसको प्रयोग एकजना प्रत्येक बुद्धमाथि गर्दा उसले हानेको ढुंगा प्रत्येक बुद्धको एउटा कानबाट छिरेर अर्को कानबाट निस्केको थियो । उसको विवेक हीनताको कारणले गर्दा प्रत्येक बुद्ध परिनिर्वाण हुनु भयो र उ आफै अवीचि नर्कमा उत्पन्न भयो । अवीचि नर्कको भोग सकेपछि फेरि प्रेत भएर जन्म लियो ।

**असतं भावनमिच्छेय्य, पुरेक्खारञ्च भिक्खुसु ।**
**आवासेसु च इस्सरियं, पूजा परकुलेसुचं ॥**

मूर्ख भिक्षुले आफूसंग नभएको गुणहरूलाई भएको ठानेर अरूबाट मान सम्मान खोज्दछ, भिक्षुहरूको बीचमा अग्रस्थान चाहन्छ आफू बसेको विहारको मालिक आफै लाई ठान्छ र सबैबाट पूजित होउं भन्ने इच्छा गर्छ ।

**ममेव कत मञ्ञन्तु, गिही पब्बजिता उभो ।**
**ममेव अतिवसा अस्सु, किच्चाकिच्चेसु किस्मिचि ।**
**इति बालस्स सङ्कप्पो, इच्छा मानो च वड्ढति ॥**

गृहस्थ र भिक्षुहरू सवैले यस्तो सोचुन् कि सबै कामहरू मेरै कारणले भइरहेका छन् । तिनीहरू सवैले मैले भनेका ठूला साना सवै कुराहरू मानुन् । मूर्खको यस्ता विचारहरूले उसको लोभ र घमण्ड बढ्दै जान्छ । माथिको दुईटा गाथाहरू भगवानले सुधम्म स्थवीरको सन्दर्भमा भन्नुभएको थियो जो चित्त गृहपतिले बनाइदिएको विहारमा आवासीय भिक्षु भएर वसेको थियो । सुधम्म स्थवीरमा गाथामा उल्लेख गरिएका जस्ता भावनाहरू प्रशस्त थिए जसले गर्दा चित्त गृहपतिसंग उसको खटपट भयो । उ भगवान कहाँ गएर उजुर गर्न गयो । तर भगवानले उसलाई भन्नु भयो-चित्त उपासक श्रद्धावान् र दानी छ, तिमीले उसको अपमान गऱ्यौ उसकहां गएर आफ्नो भूलको क्षमा माग । उसले क्षमा माग्न गयो तर चित्तले क्षमा दिएन । त्यसपछि उ फेरि बुद्धकहाँ गयो । अनि बुद्धले उसलाई यो मेरो विहार, यो मेरो ठाउँ यी मेरा उपासकहरू आदि भनेर आशक्ति राख्नु हुँदैन, यसले अभिमान बढ्छ भनेर उपदेश दिनु भयो । उपदेश सुनीसके पछि सुधम्म फेरि चित्तको घरमा गयो । र यस पटक दुवैले एक अर्का संग माफी मागेर उनीहरू मिले ।

**अञ्ञा हि लाभूपनिसा, – अञ्ञा निब्बानगामिनी ।**
**एवंमेतं अभिञ्ञाय, भिक्खु बुद्धस्स सावको ।**
**सक्कारं नाभिननन्देय्य विवेकमनुब्रूहये ॥**

सांसारिक लाभ सत्कार प्राप्त गर्ने बाटो र निर्वाण प्राप्त गर्ने बाटो अलग अलग हुन् । यो कुरालाई राम्ररी बुझेर बुद्धको शिष्य भिक्षुले सांसारिक लाभ सत्कारमा खुशी नमानी विवेक र प्रज्ञाको बाटो समात्नु पर्छ ।

श्रावस्तीको एकजना धनी व्यक्तिको छोरा तिस्स सात वर्षको उमेरमा नै सारिपुत्र भन्तेद्वारा श्रामणेर भएको थियो । श्रामणेर भएर जेतवन विहारमा बसीरहँदा उसका साथी र नातेदारहरू राम्रा राम्रा कोसेलीहरू लिएर उसलाई भेट्न आउने गरे । यसबाट दिक्क भएर भगवानसंग ध्यानको विधि सिकी एउटा जङ्गलको विहारमा गएर बसे । दृढता र निस्थापूर्वक ध्यान गर्दै तीन महिना भित्र श्रामणेर तिस्स अरहन्त हुन सफल भए । उनै तिस्सको प्रशंसा गरेर भगवान्‌ले माथिको गाथा व्यक्त गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

*२०७२ मंसीर २६ गते, शनिवार*

## विषय- त्याग गर्न कठिन आशा वर्ग

*प्रवचक- मदनरत्न मानन्धर*

*स्थान- धर्मकीर्ति विहार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको यस दिनको कक्षामा श्री मदनरत्न मानन्धरज्यूले अंगुत्तर निकाय अन्तर्गत ततिय पण्णासक (त्याग गर्न कठिन आशा वर्ग) अन्तरगतका सूत्रहरू यसरी व्याख्या गर्नुभयो–

**सूत्र नं. १२१ – दुई दुर्लभ व्यक्तिहरू :**

क) तृप्त व्यक्ति – इच्छा सबै पूर्ण भइसकेका व्यक्ति। यसको अर्थ भौतिक इच्छा होइन। यसको अर्थ तृष्णा गर्ने ठाउँ नभइकन तृप्त भइसकेको अर्थात् तृष्णा क्षय भइसकेको अरहत व्यक्ति।

ख) तृप्त गराउने व्यक्ति – तृष्णा क्षय गर्ने उपाय बताउने व्यक्ति अर्थात् सम्यक्सम्बुद्ध।

**सूत्र नं. १२२ – सन्तुष्ट गर्न गाऱ्हो दुई व्यक्तिहरू :**

क) आफूलाई प्राप्त सबै भण्डारण गर्ने।

ख) आफूलाई प्राप्त सबै त्याग नगर्ने।

**सूत्र नं. १२३ – सन्तुष्ट गर्न सजिलो दुई व्यक्तिहरू :**

क) आफूलाई प्राप्त सबै भण्डारण नगर्ने।

ख) आफूलाई प्राप्त सबै त्याग गर्ने।

**ठाना ठान कोसल ञाण** अर्थात् स्थाना स्थान को कौशल्य ज्ञान अर्थात् उचित स्थान, अनुचित स्थान हेरी मध्यम मार्ग अनुशरण गर्न सकेमा माथी दुई प्रकारका व्यक्तिहरू बीच सन्तुष्ट गर्न सकिन्छ।

सूत्र नं. १२४ – राग उत्पन्न हुने दुईटा कारण :

क) राम्रो, मन पर्ने सोचाई (शुभ निमित्त प्रति आकर्षण)

ख) अनुचित ढङ्गले बिचार गर्नु (गलत बिचार, गलत मानसिकता) जस्तै अनित्यलाई नित्य, दुःखलाई सुख, आफ्नो नभएकोलाई आफ्नो ठान्नु आदि।

**सूत्र नं. १२५ – द्वेष उत्पन्न हुने दुईटा कारण :**

क) नराम्रो, मन नपर्ने सोचाई

ख) अनुचित ढङ्गले विचार गर्नु (अयोनिसोमनसिकार)

**सूत्र नं. १२६ – मिथ्या दृष्टि उत्पन्न हुने दुईटा कारण :**

क) अर्काको कुरा सुन्नु (=अधर्म कुरा सुन्नु)

ख) अनुचित ढङ्गले विचार गर्नु (अयोनिसोमनसिकार)

**सूत्र नं. १२७ – सम्यक दृष्टि उत्पन्न हुने दुईटा कारण :**

क) अर्काको कुरा सुन्नु (=धर्मको कुरा सुन्नु)

ख) उचित ढङ्गले विचार गर्नु (योनिसोमनसिकार)

## साधुवाद !

**धर्मकीर्ति परियत्ति केन्द्रको लागि श्री पारस मानन्धर, लण्डनबाट आफ्नी दिवंगत माता नानी मैंया मानन्धर, छाउनी च्याखाछेँको पुण्यस्मृतिमा रू. १५००५/– चन्दा सहयोग प्रदान गर्नुभएको छ।**

## बुद्ध वचनहरू

- **धेरै बोल्ने गर्दैमा धर्मधर कहलाइन्न। तर थोरै मात्र सुनेपनि तदनुसार आचरण गर्ने व्यक्तिलाई नै धर्मधर भनिन्छ। किनभने उ बेहोशी हुँदैन।**
- **कपाल फुल्दैमा स्थविर हुँदैन। जसले धर्माचरण गर्दैन, उसको आयु परिपक्व भएपनि उसलाई व्यर्थै जीवन गुमाउने बुढो भनिनेछ।**
- **जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमन आदि गुण हुन्छ, त्यस्तो व्यक्तिलाई निर्मल धीर पुरुष तथा स्थविर भनिन्छ।**
- **ईर्ष्या र मात्सर्य युक्त शठ पुरुष वक्ता हुँदैमा र रूपवान हुँदैमा त्यसलाई असल व्यक्ति भनिन्दैन।**



Downloaded from http://www.dhamma.digital

# नरः बुद्ध विहार हाडिगाउँमा धर्मदेशना र परित्राण पाठ

*२०७२ मंसिर १९ गते, शनिवार ।*

*प्रस्तुती- श्यामलाल चित्रकार*

यसदिन धर्मकीर्ति विहारका श्रद्धेय वीर्यवती गुरूमांले नरः बुद्ध विहारको धम्महलमा उपस्थित उपासक उपासिकाहरूलाई भगवान बुद्धले देशना गर्नुभएको मंगल सूत्रमा उल्लेखित ३८ वटा मंगलहरू मध्ये "मातापितु उपट्ठानं पुत्त दारस्स संगहो" अर्थात् आमाबुबाप्रति छोराछोरी र छोराछोरीहरू प्रति आमा बुबाले गर्नुपर्ने कर्त्तब्य विषयमा मन छुने गरी धर्मदेशना गर्नु भएको थियो ।

उपासक श्यामलाल चित्रकारको स्व. माता रत्नमाया चित्रकारको पुण्य स्मृतिमा परित्राण पाठ गर्नुभई पुण्यानुमोदन पनि गर्नु भएको थियो । धर्म देशनाको सारांश यसरी थियो ।

**(क) छोराछोरीले आमा बुबा प्रति गर्नुपर्ने कर्त्तव्य –**

(१) कमाउनसकेका छोराछोरीले आमाबुबाको आधार भूत आवश्यकता परिपूर्ति गरिदिने ।

(२) घरायसी एवं सरकारी कामकाजको बोझ सम्हालिदिने ।

(३) पहिले देखि चल्दै आएको राम्रा कामहरूलाई यथावत कायम राखी कूल वंश संचालनमा सहयोग पुऱ्याउने ।

(४) आमाबुबाको अंश पाउन योग्य व्यक्ति बनी उहाँहरूको चित्त नदुखाईकन ब्यवहार गर्ने ।

(५) परलोक हुनुभएका आमाबुबाको पुण्य स्मृतिमा दान, शील, भावना गरी सञ्चय गरेको पुण्य उहाँहरूको सुगति कामना गर्दै पुण्य दान दिने ।

**(ख) आमा बुबाले छोराछोरी प्रति गर्नुपर्ने कर्त्तव्य –**

(१) छोराछोरीलाई राम्ररी लालनपालन गर्ने ।

(२) छोराछोरीलाई राम्रो संगतमा लगाई उनीहरूको भविष्य सपार्न मेहनत गर्ने ।

(३) राम्रो शिक्षा (नैतिक शिक्षा) दिई शील्प बिद्या सिकाउने ।

(४) लगानी गरेर भएपनि कमाउन योग्य भइसकेका छोराछोरीलाई रोजगारीको व्यवस्था मिलाईदिने ।

(५) विवाह गर्न योग्य उमेरमा पुगिसकेका छोरा-छोरीहरूको मनको आसय बुझी विवाह गर्ने इच्छा भएमा विवाह गरिदिने ।

यसरी आफ्ना छोराछोरीप्रति कर्त्तब्य पालन गरी मैत्री, करूणा, मुदिता र उपेक्षा सहित चर्तुब्रह्म विहार गुणले सम्पन्न आमाबुबा छोराछोरीहरूको लागि आगो सरह हुनेछन् । जसले आमाबुबाको हेलचेक्रयाइँ गर्दछ, उसको जीवनमा भाग्यले होइन दशारूपी दुःखले पीडा दिन थाल्दछ । त्यसैले दशा मन पर्दैन भाग्य मन पर्दछ भने हामीले कर्त्तब्य परायण बन्नु पर्दछ । किनभने कर्त्तब्य नै धर्म हो ।

## बुद्ध वचनहरू

- **जुहि फूलको बोटले वइलाएको फूल सबै खसाले जस्तै तिमीहरूले पनि राग द्वेष (दूषित चित्त) लाई फ्याँक्नु पर्दछ ।**
- **अरूलाई दुःख दिएर आफूले सुख भोगन गर्ने व्यक्ति द्वेषको जञ्जालमा फसेर कहिले पनि द्वेषबाट मुक्त हुन सक्तैन ।**
- **रागमा लालायित व्यक्ति, आफूले बनाएको जालमा माकुरो फसे झैं आफ्नै तृष्णारूपी नदीमा डुब्ने छ । तर बुद्धिमान व्यक्तिहरू यस्तो बन्धनलाई तोडी इच्छा रहित भई सबै दुःखलाई त्यागी प्रव्रजित हुन्छन् ।**
- **फलामको काठको र डोरीको बन्धनलाई बुद्धिमान व्यक्तिले बलियो बन्धन भन्दैन । धन सम्पत्ति, स्त्री र पुत्र पुत्रीहरूमा रहेको अनुरागलाई नै दृढ बन्धन भनिन्छ ।**
- **बुद्धिमान व्यक्तिहरूले यही बन्धनलाई अधोगतिमा लाने सिथिल र दुस्त्याज्य बन्धन भन्छन् । उनीहरूले यस्तो बन्धनलाई तोडी काम सुखलाई त्यागी प्रव्रजित हुन्छन् ।**
- **संकल्प, विकल्पलाई शान्त गर्नमा मन लगाई जाग्रत भई अशुभ भावनालाई ध्यान दृष्टिले हेर्ने व्यक्तिले जन्ममरणबाट मुक्त भई मार बन्धनलाई तोड्दछ ।**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया प्रतिवेदन

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

२०६३ साल आषाढ २७ गते पूज्य धम्मवती गुरूमांया अध्यक्षताय् संस्थापक उपाध्यक्ष दि. जुजु भाई शाक्यया नेतृत्त्वय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन बुद्ध धर्म प्रचार प्रसार या ज्याभ्वः ज्वनाः न्हयाना च्वंगु भजन खः । लगभग झिदँ धैथे क्यंगु जुल । झिदँ तक थथे बांलाक न्हयानाच्वंगु धैगु पूज्य भिक्षुणी धम्मवती गुरूमां यागु आशीर्वाद, १६५ न्ह सकल भजन खलः जःपिनिगु कुतः थुकी दूथ्याना च्वंगु दु । लिसें कार्य समिति दुने पिने च्वनाः ज्या यानादीपिनि नं तःधंगु भूमिका दु ।

ध.ज्ञा.भ. स्वदेशय् जकः मखु विदेशय् तक दिं. उपाध्यक्ष जुजु भाईया नेतृत्वय् अमेरिका व लंकाय् थःथःगु दां तया भजन प्रस्तुत यानादिपं मयजुपिं नगीना, रामेश्वरी, रीता, कीर्ति, प्रफुल, उष्णीसपिं धन्यवादया पात्र लिसे ज्ञा.या गौरब नं खः ।

थथे झिदँया दुने ध.बौ.ज्ञा.भ या आर्थिक व्यवस्थापनय् "धर्मकीर्ति भजनमाला" C.D. न्यागू ब्वः निगू डकुमेन्ट्री "धर्मकीर्ति विहार छपुलु "भिं बुदिंया भिंतुना पिद्ने धुकुगु जुल । मय्जु नील शोभा तुलाधर व हिरालक्ष्मी, पन्नाकाजी शाक्यया आर्थिक ग्वाहालि निगू संस्करणया रूपय् "धर्मकीति भजन म्ये मूना" सफू नं पिदने धुंकुगु जुल ।

अथेहे भिक्षुणी धम्मवती गुरूमांया भिं बुदिंया लसताय् व धर्मकीर्ति विहार बुदिंया लसताय् यानाः न्याक्व तक पिनेयागु भजनयात ब्वनाः भजन प्रस्तुत याय् धुंगु जुल ।

बौद्ध संगीत जागरण पाखें जूगु ज्ञाः धेंधें बल्ला कासाय् पुचः स्येय् न्हापा लाकेत नं ताःलागु धैगु भजन खलःया सक्रिय भाव पिज्व गुलिं खः ।

हार्मोनियम स्यनादीपिं भाजु मान कृष्ण, शीव, गुरु पन्ना काजी व मागु तक्क भजन सामान देकेगुली ग्वाहालि यानादीम्ह हाल उपाध्यक्ष श्याममान वज्राचार्य व हार्मोनियम, तवला, तिन्छु थानाः भजन झः झ धाय् कादीपिं भाजु मय्जुपिं व सः वियादीपिं झी भजन खलः सकसिगु तःधंगु भूमिका याना नं बाँलाक न्हयानाच्वंगु खः ।

सकल १६५ म्ह भजन खल आर्थिक ग्वाहालि वियादीपिं, भजनयात निमन्त्रणायाना दीपिं भजनयात मागु तक सामान तयादीपिं सकसितं सुभाय् देछाना च्वना । ज्याभ्वः न्ह्यथने –

झिदँया दुने भजन १२० क्व प्रस्तुत जुइ धुंकूगु दु।

थ्व झिदँय् दुने भजन सतादीपिं – २०७१-३-३० निसें २०७२-३-३० तक ।

| | *दातापिनि नां* | *गुहालि स्वरूप चन्दा* |
|---|---|---|
| १) | तेजलक्ष्मी शाक्य | – ५०००।- |
| २) | गण महाविहार | – १०००।- |
| ३) | किण्डोल विहार | – ५०००।- |
| ४) | तिर्थमाया, वसुन्धरा | – ४०००।- |
| ५) | राम महर्जन | – ३५००।- |
| ६) | निर्मला श्रेष्ठ | – ३०००।- |
| ७) | रवीन्द्र राजकर्णिकार | – ४०००।- |
| ८) | पूर्णलक्ष्मी वज्राचार्य | – ५०००।- |
| ९) | सूवर्ण केशरी जमवहा | – ६३००।- |
| १०) | हरिमान रंजित | – ५०००।- |
| ११) | चन्द्रमान डंगोल | – ३५००।- |
| १२) | कमला सिं | – ४५००।- |
| १३) | श्याममान वज्राचार्य परिवार | – २७१०।- |
| १४) | बुद्ध विहार, कोण्डन्य भन्ते | – ५५५५।- |
| १५) | पूर्णहिरा (जमवहा) भजन | – २०००।- |
| १६) | नानी छोरी तुलाधर | – १०००।- |
| १७) | मोहन वीर सिं तुलाधर | – ५०००।- |

**भजन पाखें सरिक जुयागु ज्याङ्वः**

१) २०७१ पौष ५-६ गते राष्ट्रिय ज्ञान सम्मेलन पनौति ब्वतिकयागु जुल ।

२) धर्मकीर्ति विहार स्वर्ण जयन्तिया लसताय् धर्मकीर्ति विहारे ३ गु ज्ञानमाला भजनयात निमन्त्रणा यानागु जुल । (क) श्रीघः ज्ञानमाला भजन (ख) पञ्चकीर्ति संगित सुगम भजन (ग) ओकुवहा त्रिरत्न ज्ञानमाला भजन ।

३) धर्मकीर्ति विहार स्वर्ण जयन्तीया लसताय् प्रज्ञा भवनय् भजन प्रस्तुत यानागु जुल ।

४) वैशाख १२ गते राष्ट्रिय ज्ञान सम्मेलन कीर्तिपुरे भजन प्रस्तुत जूगु जुल ।

५) धम्मवती गुरूमांया बुदिंया लसताय् न्ह्यक्व भजन जूगु व गुरु पूजा कुन्हुयायगु ज्या जूगु जुल ।



Downloaded from http://www.dhamma.digital

बुद्ध शिक्षा व बुद्धं शिक्षां भयब्यूगु ज्ञानमाला भजन प्रति अतिकं श्रद्धावान जुयादीपिं ध.बौ.ज्ञा.भ. या दुजः भाजु आनन्दमानसिं तुलाधर व अ.गोष्ठीया सह-सचिव ध.ज्ञ.भ.या दुजः चन्द्रलक्ष्मी वज्राचार्य वयकः पिनिं अनन्त गुणयात स्मरण यासे वयकपिं निम्हसिया सुगती व निर्वाण कामना याना ।

**जानकारी :**

पूज्य भिक्षुणी धम्मवती गुरूमांया अध्यक्षताय दिं उपाध्यक्ष जुजुभाइ शाक्यया थासे भाजु उपाध्यक्ष पदय् श्यामम‍ान वज्राचार्य नियुक्ति जूगु जुल –

कोषाध्यक्ष पदय् बुद्धरत्न कंसाकार ।

खालिपद – निगुलि अष्टमाया महर्जन व बुद्धरत्न महर्जन यात कोषाध्यक्ष पदय् नियुक्ति जूगु नं थन जानकारी यानागु जुल ।

▲ बौद्धगान जम्मा खर्च – रू. १,२७,८७०।-

▲ रीना बनिया (तुलाधर) पाखें – रू. ४९,०००।-

## वार्षिक प्रतिवेदन
## धर्मकीर्ति पब्लिक इमेज कमिटि

*संयोजक- अ. पञ्ञावती ।*

२०७२ साल धर्मकीर्ति ५० वर्ष क्यंगु उपलक्ष्य विभिन्न कार्यक्रम संचालन जूगु मध्य पब्लिक इमेज पाखें, धम्मवती गुरूमां नं देशना याना बिज्यागु प्रतित्य समुत्पादया DVD प्रकाशन ।

धर्मकीर्ति साँस्कृतिक कार्यक्रमया DVD प्रकाशन ।

स्वं जगतहित सिं बनियाँ व स्व. पूर्णदेबी बनियाँ उपासक उपाकिपिंगु सुगति वा निर्वाण कामना यासें वयकपिनि धर्मदेशना DVD प्रकाशन तथा दानयाना दिगु जुल ।

वयकया परिवारपिन्त पब्लिक इमेजपाखें सुभाय् देछा:गु जुल ।

# धर्मकीर्ति ज्ञानमाला भजन
## नाफा नोक्सान हिसाब

**वि.सं. २०७१ साल श्रावण देखि २०७२ आषाढ मसान्त सम्म**

| खर्चहरू | रकम | आम्दानीहरू | रकम |
|---|---|---|---|
| सि.डि. चक्का निर्माण | ३६,८९०।- | भजनबाट | ५५,६५।- |
| समवेदना खर्चहरू | १,३२५।- | सि.डि, किताब विक्रि | ३,४०।- |
| यातायात | २१,५१०।- | चन्दा प्राप्त भएको | २३,००।- |
| चिया पान | ११,४८३।- | सारी बिक्री | १५००।- |
| मर्मत सम्भार | ५,१००।- | सदस्यता शुल्क | ५०।- |
| उपहार | १३,७८०।- | बैङ्क ब्याज आम्दानी | ६६,८५।- |
| पारिश्रमिक | १०,७००।- | – | – |
| वाद्यवादन | ३२,३००।- | – | – |
| विविध खर्च | १८७०।- | – | – |
| बचत | १५,९७३.६९।- | – | – |
| **जम्मा** | **१५०,९११.६९** | **जम्मा** | **१५०,९१।-** |

धम्मवती गुरूमां
*अध्यक्ष*

बुद्धरत्न कसाः
*कोषाध्यक्ष*

प्रेम लक्ष्मी तुलाधर
*सचिव*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजन

## वासलात

### वि.सं. २०७१ साल श्रावण देखि २०७२ आषाढ मसान्त सम्म

| दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| गत वर्षको सञ्चित कोष | ५,९७,३६८.०२ | **वज्र वहुउद्देशिय** | |
| यस वर्षको वचत | १५,९७३.६७ | १) मुद्धति खाता | २,४०,०००.०० |
| | | २) वचत खाता | १५०५६.७० |
| | | | |
| | | **शुभ गणपति** | |
| | | १) मुद्दति खाता | ९९,१०१.०० |
| | | २) वचत खाता | ३५०२.०० |
| | | | |
| | | **एलित से. के.** | |
| | | १) मुद्दति खाता | २००,०००.०० |
| | | २) वचत खाता | ५४,३९८.०० |
| | | | |
| | | **कुवेर मर्चेण्ट** | |
| | | १) वचत खाता | १३०९.२० |
| **जम्मा** | ६१३,३४१.६९ | **जम्मा** | ६१३,३४१.६० |

**धम्मवती गुरूमां**
*अध्यक्ष*

**बुद्धरत्न कसाः**
*कोषाध्यक्ष*

**प्रेम लक्ष्मी तुलाधर**
*सचिव*

## बुद्ध वचनहरू

- दोषारोपण गर्ने विचारले सधैं अर्काको दोष मात्र देखिरहने व्यक्तिको चित्तमल बढ्ने गर्छ । उ चित्तमल क्षय हुने मार्गबाट वञ्चित हुनेछ ।
- हिंसक, असत्यवादी, चोरीकाम गर्ने, व्यभिचारी र मद्यपान गर्ने व्यक्तिले यही लोकमा आफ्नो उन्नतिको जड् उखेल्दछ ।
- खराब काम नगर्नु नै बेश, खराब काम गर्दा पछुतो हुन्छ, राम्रो काम गर्नु नै बेस, जुन काम गर्नाले पछि ताप हुँदैन ।



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

# नरः बुद्ध विहार, हाँडीगाउँमा कथिन चीवरदान महोत्सव मनाईयो

*२०७२ साल मार्ग १ गते, मंगलवार*

*प्रस्तोता- श्री श्यामलाल चित्रकार*

श्रद्धेय भिक्षु पुण्य र श्रद्धेय भिक्षु सोमबाट नरः बुद्ध विहारमा तिन महिनाको वर्षावास विनय अनुसार सफलतापूर्वक सम्पन्न गर्नु भएको पुनीत उपलक्ष्यमा भव्य समारोहको बिचमा श्रद्धेय भिक्षु संघलाई कथिन चीवरदान सम्पन्न भयो । यस विहारमा पहिलो पटक भिक्षुहरूलाई वर्षावासको व्यवस्था र कथिन चीवरदान महोत्सव गर्नलाई आर्थिक र व्यवस्थापकिय चुनौतिहरूलाई चिर्दै उक्त दिन विहान सय भन्दा बढि अष्ट परिष्कार दाताहरूको न्याली र सिंगारिएको रथमा राखिएको कथिन चीवर र सांस्कृतिक वाजागाजा सहितको शोभा यात्रा रूद्रमती मार्ग, विहारबाट शुरू भई कालोपूल, मालिगाउँ, टंगाल, भाटभटेनी, ढल्को, कृष्णमन्दिर, डवली, भगवतीस्थान, भीमसेनस्थान हुँदै विहारमा भेला भएको थियो ।

पूर्वाराम विहार, धुलीखेलका प्रमुख श्रद्धेय भिक्षु गुणघोष महास्थविरबाट पञ्चशील प्रार्थना गराएर उपस्थित उपासक उपासिकाहरूले पञ्चशील पालन गर्ने प्रतिज्ञाबाट शुरू भएको बौद्ध सभामा श्रद्धेय भिक्षु पुण्णले वर्षावासको समयमा स्थानिय उपासक उपासिकाहरूबाट चतु प्रत्यय सुविधा पूर्वक उपलब्ध भएको र कुनै बाधा अड्चन नभएको आफ्नो अनुभव सुनाउनु भएको थियो । कथिन दाता समेत हुनु भएका जय मंगल विहार ललितपुरका श्रद्धेय अनुपमा गुरूमांले हाँडीगाउँमा बौद्ध कार्यक्रमहरूमा आफू सहभागी हुन पाई रहेकोमा खुशी व्यक्त गर्नु हुँदै उपस्थित श्रद्धेय भन्ते गुरूमांहरूलाई आदर पूर्वक वन्दना गर्नु हुँदै सम्पूर्ण अतिथिहरूलाई स्वागत गर्नु भएको थियो ।

एम्पी विहार, ललितपुरका प्रमुख श्रद्धेय भद्दीय महास्थविरले भगवान बुद्धको समयमा भिक्षुहरू वर्षायाम तीन महिना गाउँ शहर चारिका नगरी एकै ठाउँमा वर्षावास गर्ने नियम बनाउनु पर्ने कारण र वर्षावास बस्ने भिक्षुलाई चीवर दान गर्ने र सो चीवर दानको पुण्यले दातालाई कथिन चीवर दानको आनिसंसबारे बिस्तृत व्याख्या गर्नु हुँदै सारगर्भित धर्मदेशना गर्नु भएको थियो । यसपछि कथिन चीवर दाता श्रद्धेय अनुपमा गुरूमां र उपासक श्री श्यामलाल चित्रकार समेतको ४२ जना कथिन चीवर दाताहरूको समूहले श्रद्धेय भिक्षु संघलाई कथिन चीवर दान प्रदान गरियो । त्यस्तै सामुहिक रूपमै सबै अष्ट परिष्कार दाताहरूले अष्ट परिष्कार (भिक्षुहरूलाई अत्यावश्यक आठ प्रकारका बस्तुहरू) श्रद्धेय भिक्षु संघलाई दान प्रदान गरियो ।

अन्तमा कथिन चीवर दाता तथा वर्षावास तथा कथिन चीवर दान महोत्सव व्यवस्थापन समितिका महासचिव श्री श्यामलाल चित्रकारले भिक्षु संघको गरिमामय उपस्थिति तथा वर्षावास बस्न मन्जुरी दिई तीन महिनासम्म नयाँ ठाउँमा आई पर्ने असुविधालाई ख्याल नगरी वर्षावास सम्पन्न गर्न हुने श्रद्धेय भिक्षु पुण्ण र श्रद्धेय भिक्षु सोमलाई समितिको तर्फबाट र सम्पूर्ण स्थानीय निवासीहरूको तर्फबाट कृतज्ञता अर्पण गर्नु भएको थियो । साथै कथिन चीवर दाताहरू, अष्ट परिष्कार दाताहरूलाई तथा वर्षावासको अवधिमा र कथिन चीवर दान महोत्सव भव्य रूपमा सफल पार्न तन मन धनले खटिएर तत्परताकासाथ कार्य गर्ने सम्पूर्ण श्रद्धावान उपासक उपासिकाहरूलाई धन्यवाद ज्ञापन गरिएको थियो । बौद्ध सभा शुरू हुनु पूर्व कथिन चीवर दाता समेत रहेको नरः बुद्ध विहार ज्ञानमाला भजन खलःका अध्यक्ष श्री नरेश डंगोलको नेतृत्वको भजन टोलीले ज्ञानमाला भजन प्रस्तुत भएको थियो । यस बौद्ध सभाको उद्घोषण कार्य कथिन चीवर दाता समेत रहनु भएको उपासक श्री गोपाल डंगालले गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# पवित्र महापरित्राणपाठ



*महापरित्राण ज्याभ्वले भिक्षुणी धम्मवती नाप दाता मोतिलाल शिल्पकार*

*२०७२ मंसिर ९ गते, सकिमना पुन्हि*

समाज सेवी उद्यमी भाजु मोतिलाल शिल्पकार व वय्कया तिरीमय्जु कृष्ण लक्ष्मी शिल्पकारया सहश्र चन्द्र दर्शन (निक्व:गु जंक्व या लसताय् वयक:पिनिगु सुस्वास्थ्य व दीर्घायु व देशय् सुख शान्ति व प्रगतिया कामना यासे भिक्षु महासंघ पाखें न्हिच्छियंकं पवित्र महापरित्राण पाठया ज्याभ्वः सम्पन्न या:गु समाचार दु ।

भिक्षु महासंघया संघ महानायक भिक्षु अश्वघोष महास्थविर पाखें शील प्रार्थना याका बिज्यागु उगु ज्याभ्वले भिक्षु कौण्डञ्ञ पाखें धर्मदेशना जूगु खः। भिक्षु भद्दियनं न्हयाकाबिज्या:गु उगु ज्याभ्वले भिक्षुणी धम्मवती गुरूमांया नं उपस्थिति जूगु खः। उगु ज्याभ्वले सिद्धार्थ ज्ञानमाला भजन खल: पाखें ज्ञानमाला भजन नं प्रस्तुत जूगु खः।



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि :*
२००२ बैशाख १० गते,
बुधवार, एकादशी

*दिवंगत :*
२०७२ पौष २२ गते,
बुधवार, एकादशी

# दिवंगत बुद्धकाजी मानन्धर

प्रातः स्मरणीय हनेबह्म जन्मदाता **बुद्धकाजी मानन्धर** वर्ष ७० दँया उमेरय् नस्वर देह तोता परलोक जुया दिल । जिमित मचाबलेनिसें दुःख सिया ब्वलंकाः भिंगु मार्गय् छ्वया दीम्ह वसपोलयागु गुण गुबलें लोमंके फईमखु । वसपोल दिवंगत जुयादिगु दिं निसें भन्तेपिनिगु पाखें परित्राण पाठ धर्मउपदेश न्यनाः दानादि पुण्यकर्म याना सञ्चय यानागु पुण्यद्वारा वसपोलया परलोक जीवन सुगतिमय जुयेमा नापं संसार दुःखं तरेजुयाः निर्वाण सुख लाभ याना कायेफयेमा धका प्रार्थना याना च्वना । दुःखं कया च्वंगु अवस्थाय् मैत्रीपूर्ण श्रद्धाञ्जली अर्पण यानाः बिचाः हाय्काद्यूपिं थःथिति इष्टमित्र सकसितं जिमिगु पाखें साधुवाद देछाना च्वना ।

*जहान :*

**न्हुछेमाया मानन्धर**

| *काय्पिं :* | | *भौपिं :* |
|---|---|---|
| **महोसद कुमार** | – | **विजय लक्ष्मी** |
| **यश कुमार** | – | **रीना** |
| **विजय कुमार** | – | **बिना** |

| *म्ह्याय् :* | | *जिलाजँ :* |
|---|---|---|
| **सुमनादेवी** | – | **बुद्धरत्न मानन्धर** |

*छ्यपिं :*

**मोदिता, युरिका, विजिता, रोयन, विजेश, सुदिना, सुप्रभा, क्रिस्तल**

वकुटोल, बनेपा-१०

मुद्रकः न्यू नेपाल प्रेस *प्रधान कार्यालयः* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
*सम्पर्क कार्यालयः* शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




साभार- "महामानव बुद्धकी महान विद्या विपश्यनाका उद्गम और विकास" - विपश्यना आचार्य सत्यनारायण गोयन्का

श्रावस्तीस्थित जेतवन विहारको आँगनमा बुद्ध गयाबाट भिक्षु मौद्गल्यायनले ल्याउनु भएको बोधिवृक्ष आरोपण गर्नुहुँदै महाजन अनाथ पिण्डिक। आनन्द बोधि नामाकरण गरिएको बुद्ध कालिन यस वृक्ष आजसम्म पनि सोहि स्थानमा बृद्ध अवस्थामा जीवित रहेको छ।

वर्ष-३३; अङ्क-९ बु.सं. २५५९, मिला पुन्हि

Downloaded from http://www.dhamma.digital




*पुस्तक विमोचन गर्नुहुँदै भिक्षु ज्ञानपूर्णिक, भिक्षुणी धम्मवती लगायत श्रीलङ्काका राष्ट्रपति*

*२०७२ पौष १८ गते शनिबार। स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन भिक्षुणी धम्मवतीको सभापतित्त्वमा नेपालबा लागि श्रीलंकाका राजदूतको प्रमुख अतिथ्यमा बौद्ध विद्वान प्रकाश वज्राचार्यद्वारा लिखित "The life of Tathagat" पुस्तक विमोचन गरिएको छ।

अरूण सिद्धि तलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो। रीना तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नु भएपछि मदनरत्न मानन्धरले पुस्तकका लेखक प्रकाश वज्राचार्य र पुस्तकमा उल्लेखित विवरणहरू विषयमा संक्षिप्त विश्लेषण गर्नु भएको थियो।

भिक्षु ज्ञानपूर्णिक, भिक्षुणी धम्मवती र श्रीलङ्कन राजदूतबाट सामूहिक रूपमा विमोचित ३९७ पृष्ट रहेको उक्त पुस्तकमा भगवान् बुद्धको जीवन कालको ४५ वटा वर्षावासहरू मध्ये जम्मा २७ वटा वर्षावासको विवरणहरू उल्लेख गरिएका छन्।

प्रमुख अतिथि श्रीलंकन राजदूत लगायत पुस्तकका लेखक प्रकाश वज्राचार्यका दाई चिनीया वज्राचार्यले मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले ओवाद दिनुहुँदै भन्नुभयो–

"यस पुस्तक 'The life of Tathagat' लाई उपन्यास पढे जस्तै मात्र पढ्ने नगरी गम्भिरतापूर्वक अध्ययन गर्न सकेमा मात्र बुद्धलाई राम्ररी चिन्न सकिनेछ।"

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन गर्नु भएपछि भिक्षुणी धम्मवती गुरूमांले सभापतिको आशनबाट मन्तव्य ब्यक्त गर्नु हुँदै ओवाद दिनुभएको थियो।

कार्यक्रममा भिक्षुणी धम्मवतीले श्रीलङ्कन राजदूतलाई सम्झनाको चिनो स्वरुप उपहार प्रदान गर्नुभएको थियो भने श्रीलङ्काका राजदूतले पनि गुरुमांलाई उपहार चढाउनु भएको थियो।

यसरी नै पुस्तक प्रकाशनार्थ चन्दा प्रदान गर्नुहुने दाताहरूलाई पनि सम्झनाको चिनो सहित पुस्तक पनि उपहार प्रदान गरिएको थियो।

पुस्तकका सम्पादकद्वय मदनरत्न मानन्धर र डा. रीना तुलाधर हुनुहुन्छ।

Downloaded from http://www.dhamma.digital